वर्ष : १६, अंक : ३९, काठमाडौं, २०७७ माघ २ गते शुक्रबार, 15 January 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## ‘अपूरो संविधानका कारण मुलुक समस्यामा’



रुपन्देही । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले अपूरो संविधानका कारण अहिले समस्या देखिएको बताएका छन् । संसद विघटनविरुद्धमा जसपा रुपन्देहीले शनिबार आयोजना गरेको विरोध कार्यक्रम सम्बोधन गर्दै अध्यक्ष ठाकुरले यस्तो बताएका हुन् । उनले संसद विघटन असंवैधानिक भएको समेत बताए । पाँचवर्षका लागि निर्वाचित संसद विघटन गर्नु असंवैधानिक भएको बताएका थिए । यसैगरी, जसपाका केन्द्रीय कार्यकारिणी सदस्य महेन्द्र राय यादव, सर्वेन्द्रनाथ शुक्ल लगायतले सम्बोधन गरेका थिए ।

## ‘अदालतले नै देशलाई जोगाउँछ’



सर्लाही । नेपाली कांग्रेसका नेता गगन थापाले सर्वोच्च अदालतले संसद् पुनःस्थापना गरी देशलाई अँध्यारो सुरुङमा फस्नबाट जोगाउने बताएका छन् । सर्लाहीको लालबन्दीमा भएको विरोध सभालाई सम्बोधन गर्दै नेता थापाले अदालत र न्यायधीशहरू संसद् पुनःस्थापनाकै पक्षमा उभिने नेता थापाले विश्वास दिलाए । ‘प्रधानमन्त्रीले अहिले चाल्नुभएको कदम ठीक हो भन्दै अघि बढे प्रदेश, स्थानीय सरकार हुँदै संविधान नै खेर जाने अवस्था छ,’उनले भने । राष्ट्रपति विद्यादेवी भण्डारीलाई बालुवाटारको इसारामा नभई संविधान अनुसार अघि बढ्न थापाले आग्रह गरे । अहिलेकै अवस्था रहे देशमा संघीयतासमेत धरापमा पर्ने उनले चिन्ता व्यक्त गरे । संविधानको रक्षा र अहिलेको असंवैधानिक कदमविरुद्ध गाउँगाउँमा गएर नागरिकलाई प्रस्ट पार्न कांग्रेस नेताहरुलाई उनले आग्रहसमेत गरे ।

## माघ ५ अर्थात् बलिदानी दिवस

# मधेश विद्रोहको मुद्दा निहित स्वार्थका लागि साटियो

**मधेशवाणी डैस्क**

काठमाडौं । मधेशी जनताको रगतको बलमा मुलुकमा संघीयता, पहिचान, धर्मनिरपेक्षता, समावेशी-समानुपातिकसहितका मुद्दा स्थापित भएको छ । यहि मुद्दा स्थापित गराउन उल्लेखनीय भूमिका रहेको मधेश आन्दोलन सुरुवात भएको माघ ५ गते १५ वर्ष पुरा हुदैछ । तर यति लामो समय बितिसक्दा पनि मधेशको अवस्थामा भने कुनै तात्विक अन्तर आएको देखिँदैन । मधेशले बगाएको रगतको मूल्य चुक्ता भएको छैन ।

संघीयताका लागि मधेशमा ठूलो जनविद्रोह भयो । २०६३ सालमा सुरु भएको मधेश जनविद्रोह संविधान जारी हुँदासम्म ३ पटक मधेशले आन्दोलन गर्नु पर्‍यो । दर्जनौं मधेशी जनताले आफ्नो ज्यानको वलिदानी दिए, सयौं घाइते, अशक्त भए । सयौं नागरिकहरु अहिले पनि आन्दोलनकै कारण जेलमा छन् । यति महँगो मूल्य चुकाएर भएको विद्रोहको उपलब्धी के ?

जानकारहरुको भनाइमा मधेशले पाएको उपलब्धी राजनीतिक भएपनि त्यसलाई संस्थागत गर्न मधेशी दल असफल छन् ।

यद्यपी मधेश विद्रोहकै बलमा संघीयता स्थापित भएको हो र फलस्वरुप प्रदेश.२ मा मधेशी दलको सरकार रहेको छ । तर मधेश आन्दोलनको बलमा बनेको मधेश सरकारले पनि मधेश विद्रोहको मर्मलाई बुझ्न नसकेको टिप्पणी भइरहेको छ ।

प्रदेश २ मा मधेशी दलले सरकार बनाउन सक्नुमा मधेश आन्दोलनमा मधेशी जनताले दिएको सहादत नै महत्वपूर्ण हो ।

प्रदेश २ मन्त्रिपरिषद्को पहिलो बैठकले मधेश आन्दोलनका शहीद परिवार र घाइतेका परिवारको हितका लागि महत्वपूर्ण निर्णयहरु गरेको थियो तर आजसम्म आउँदा यसबाट लाभान्वित हुनेको संख्या न्यून छ ।




२०६३ माघ ५ गते का दिन सिरहाको लहानमा रमेश महतोले मधेशको लागि दिएको शहादतबाट मधेश आन्दोलनले उत्कर्ष प्राप्त गरेको थियो । तसर्थ यो दिन नेपालको इतिहासमा खास गरेर मधेशी जनताको मानसपटलमा वलिदानी दिवसको रुपमा मनाइँदै आइएको छ ।

‘यसै दिन मधेशीको पहिचान, स्वाभिमान र आत्मसम्मानको लागि आन्दोलनको सूत्रपात भएको दिनको रुपमा सम्झिने गरिन्छ,’ मधेश मामिला जानकार विजयकुमार मिश्रले भने । माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेश आन्दोलनको उत्कर्षले नै नेपाललाई संघीय मुलुकमा रुपान्तरण गरेको बुझाइले समेत यो दिनलाई मधेशी शक्तिले विशेष रुपमा बलिदानी दिवस मनाउने गरेको छ ।

राजनीतिक रुपमा बितेको १५ बर्षमा मधेश र देशले माघ ५ को जगमा धेरै कुरा पाएको छ र यसले नेपालको राजनीतिमा नवीन युगको सुत्रपात गरेको छ ।

तर मधेशका जनताको न्यायिक अधिकार प्राप्तिको लागि उठेको आन्दोलनले उठाएका मागहरू अझै पूर्णरुपमा सम्बोधन भने नभएको विश्लेषक मिश्रको भनाइ छ । पछिल्लो १५ वर्षलाई फर्केर हेर्ने हो भने अधिकार र पहिचानका लागि सयौं युवाहरूले दिएको बलिदानीको सहि रुपले सम्बोधन भएको छैन । तर मधेशको मुद्दाहरू भने समाधान भएको देखिँदैन ।

२०६३/०६४ देखि २०६५ सम्म दुई पटक मधेश आन्दोलन भयो । बीचमा २२ बुँदे सम्झौता पनि भयो । दोस्रो आन्दोलन ६ महिनाभन्दा बढी समय चल्यो । आन्दोलनको क्रममा २०६४ फागुन १६ गते सरकार र आन्दनोलनकारी मधेशी दलहरूबीच आठ बुँदे सम्झौता भयो । सहमति पछि मधेशी दलहरु आफै सत्ताधारी दलमा रुपान्तरित भए र त्यसपछि बनेका सबै सरकारमा कुनै न कुनै रुपमा सहभागी पनि भए । सरकारमै सहभागी भएका कारण तात्कालीन अवस्थामा रहेका तीनवटा दल विभिन्न टुक्रामा विभाजित पनि भए ।

संविधानसभाको चुनावसम्म आइपुग्दा मधेशी दल आफैँ कमजोर भयो । फलतः उनीहरुको उपस्थिति संविधानसभामा बलियो रहेन । ठूला दलहरूले ’फास्ट ट्र्याक’बाट संविधान निर्माण गरे र जारी भयो ।

यता, मधेशी दलले संविधानमा आफ्नो अधिकार र पहिचान लेखाउनका लागी पुनः आन्दोलन सुरु गरे । संसद भवनमा संविधान निर्माणको जोडतोड चलिरहँदा मधेशमा भने आन्दोलन चलिरहेको थियो । तर त्यसलाई पूरै वेवास्ता गर्दै २०७२ असोज ३ गते संविधान जारी भयो र आन्दोलन झनै चर्कियो ।

आन्दोलन ‘नाकाबन्दी’सम्म पुग्यो तर पनि सरकार संविधान संशोधनका गर्न तयार भएन । सुशिल कोइराला प्रधानमन्त्री रहेको सरकारले ‘समावेशी समानुपातिक’ राखेर नयाँ संविधानलाई संशोधन त गर्‍यो तर त्यो संशोधनलाई पनि मधेशी दलहरूले स्वीकार गरेन् । आफूहरूसँग परामर्श नै नगरिकन र मधेशका मुद्दालाई सम्बोधन नै नगरिकन संविधान जारी गरेको भन्दै उनीहरूले विरोध जारी राखे ।

यद्यपी मधेशी जनताको अपेक्षा विपरीत अधिकार र पहिचानका लागि आन्दोलन गर्दै आइरहेका मधेशी दलहरू अन्ततः चुनावमा सहभागी भए ।

मधेश आन्दोलनमा मृत्यु भएकाहरुको लास देखाएर मधेशी नेताहरुले चुनाव जिते तर बिडम्बना मधेशी मुद्दाका कट्टरविरोधी केपी शर्मा ओलीलाई प्रधानमन्त्री बन्न सघाए । तत्कालीन संघीय समाजवादी फोरम नेपाल त्यसबेलाका सत्ता साझदार तत्कालीन माओवादी र एमालेसँग दुई बुँदे सम्झौता गरी सरकारमै सहभागी भए ।

पछि संविधान संशोधनको बहाना बनाएर समाजवादी पार्टी सरकारबाट बाहिरियो । राजपा नेपालले त्यसअघि नै सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको थियो ।

मधेशी दलको विगत एक दशकको

बाँकी अन्तिम पृष्ठमा

## परराष्ट्रमन्त्रीको भारत भ्रमणमा कोरोना भ्याक्सिनबारे सम्झौता हुन सक्ने



काठमाडौं । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको आसन्न भारत भ्रमणका बेला भ्याक्सिन आपूर्ति गर्ने विषयमा दुई पक्षबीच सहमति हुने भएको छ । परराष्ट्रमन्त्री ज्ञवालीले १ करोड २० लाख डोज भ्याक्सिन भारतबाट झिकाउन चाहेको र यसमा भारतीय पक्ष सहमत हुने अपेक्षा गरिएको छ । नेपाल-भारत संयुक्त आयोगको छैटौं बैठकमा सहभागी हुन माघ १ गते परराष्ट्रमन्त्री भारत जाने कार्यक्रम छ । उनले माघ २ गते भारतका विदेशमन्त्री एस जयशंकरलाई भेट्ने कार्यक्रम छ । कोरोना भ्याक्सिन सम्बन्धी सम्झौता पनि यही क्रममा हुन सक्नेछ । प्रधानमन्त्री केपी ओलीले संसद् विघटन गरेपछि हुन लागेको यस भ्रमणको राजनीतिक अर्थ पनि ठूलो हुने ठानिएको छ । यद्यपि, नेपाललाई कोरोना भ्याक्सिन उपलब्ध गराएर नेपाली जनताप्रति आफ्नो सद्भाव प्रकट गर्ने पनि भारतको इच्छा छ । भ्रमणका क्रममा १ करोड २० लाख डोज भ्याक्सिन सप्लाई गर्ने स्पष्ट प्रतिवद्धता भारतसँग ज्ञवालीले खोज्न चाहेको जनाइएको छ । चीनले पनि नेपाललाई सिनेभ्याक कम्पनीको भ्याक्सिन दिने प्रस्ताव गरिसकेको छ । यद्यपि, ओली सरकारले भारतबाट भ्याक्सिन आपूर्ति गर्ने विषयलाई प्राथमिकतामा राखेको नेपाल सरकारका अधिकारीहरुको भनाइ छ । भारतस्थित नेपालका राजदूत निलाम्बर आचार्यले भारतका भ्याक्सिन निर्माता र सरकारी अधिकारीहरुसँग धेरै चरणमा छलफल समेत गरिसकेका छन् । पछिल्लो समय भारत बायो टेकका कार्यकारी निर्देशक डाक्टर भी कृष्ण मोहनसँग उनले भोटघाट गरेका छन् । यस्तै परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र भारतीय समकक्षी जयशंकरबीचको भेटमा दुई देशबीचको सीमा समस्याका विषयमा पनि छलफल हुने बताइएको छ । लिपुलेक र लिम्पियाधुरासहितका आफ्ना भूभाग समेटेर नेपालले नयाँ नक्सा सार्वजनिक गरेपछि बिग्रिएको भारतसँगको सम्बन्ध सुधारका विषयमा यस भेटमा छलफल हुने बताइएको छ । भारतले नेपालको नक्साप्रति आपत्ति जनाउँदै आएको छ ।

## प्रदेश २ मा प्रमुख प्रतिपक्ष को ?

जनकपुरधाम । प्रमुख प्रतिपक्षी दल बन्ने दौडमा प्रदेश २ मा नेकपाका दुवै समूह लागेका छन् । प्रधानमन्त्री केपी ओलीले नेतृत्वको समूह र प्रचण्ड-नेपाल पक्षीय नेताहरु प्रदेश सांसदहरुलाई आफूतिर तान्न व्यस्त छन् । नेकपा विभाजनसँगै संकटमा परेको प्रमुख प्रतिपक्षीको हैसियत जोगाउन नेकपाका दुवै समूह तटस्थ सांसदहरूलाई आफ्नो पक्षमा तान्न सक्रिय छन् ।

विभाजनपछि प्रमुख प्रतिपक्षी दल बन्न आवश्यक बहुमत दुवै समूहसँग छैन/। नेकपा फुटेपछि उसको प्रदेश २ को संसदीय दल पनि फुटेको छ । दुवै पक्षका नेताहरु यसलाई स्वाभाविक मानेका छन् । प्रचण्ड-नेपाल पक्षले नेकपा संसदीय दलका नेताबाट ओली समूहका प्रदेश सांसद सत्यनारायण मण्डलले हटाएका छन् ।

प्रदेश २ मा जनता समाजवादी पार्टी (जसपा) को बहुमत (५५ सांसद) को सरकार छ/। नेकपाका ३२ सांसद छन्/। तर नेकपा फुटसँगै १९ सांसद रहेको कांग्रेस प्रमुख प्रतिपक्षी दल बन्ने सम्भावना छ/। नेकपा दाहाल-नेपाल समूहले १७ सांसदको हस्ताक्षरसहित संसदीय दलको नेताबाट ओली समूहका मण्डललाई हटाएर शत्रुधन महतोलाई चुनिसकेको छ/। तर उसले आफ्नो पक्षमा १९ सांसद रहेको दाबी गर्दै आएको छ/।

नेकपाका प्रदेश सांसद मदनसेन श्रीवास्तव र नागेन्द्र राय यादव दाहाल-नेपाल समूहमा लागे पनि हालसम्म कतै खुलेका छैनन् । यस्तै सांसद दिलीप साह र फुलिया देवी तटस्थ बसेका छन् । यसअघि ओली समूहको केन्द्रीय सदस्य अस्वीकार गरेर पनि कुनै समूहमा नखुलेका प्रदेश सांसद सुन्दरबहादुर विश्वकर्मा दाहाल-नेपाल समूहतिर लागेका छन् ।

## प्रदेश २ सरकारको आफ्नै अनुसन्धान ब्यूरो

जनकपुर । प्रदेश २ सरकारले छुट्टै अनुसन्धान ब्युरो राख्ने भएको छ । प्रदेशभित्र घटेका अपराधजन्य घटनाको अनुसन्धान र शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्ने उद्देश्यले प्रदेश अनुसन्धान ब्यूरो गठन गर्ने भएको हो ।

प्रदेश सरकार बनाएको प्रदेश अनुसन्धान ब्यूरो ऐन २०७७ मा प्रदेशभित्रका अपराधिक घटना र प्रदेशको हकहितमा असर पार्न सक्ने तथ्यको सूचना संकलन गर्न प्रदेश अनुसन्धान ब्यूरो सेवा गठन गर्ने व्यवस्था गरिएको छ ।

सो अनुसन्धान ब्यूराको प्रमुखमा प्रदेश सरकारबाट प्रदेशमा कार्यरत प्रहरी नायब महानिरिक्षक वा अवकाश प्राप्त प्रहरी नायब महानिरिक्षकलाई नियुक्त गरिने व्यवस्था गरिएको छ । जसको कार्य अवधि ३ वर्ष तोकिएको छ । तर सरकारले चाहेमा एक थप गर्न सक्ने ऐनमा उल्लेख छ ।

अनुसन्धान ब्यूरो सेवाको प्रमुख प्रदेश सरकारबाट नियुक्त गरिएपनि कर्मचारी प्रदेश लोक सेवाबाट प्रतिष्पर्धात्मक आधारमा छनौट गरिने दफा ४ मा व्यवस्था गरिएको छ ।

प्रदेशभित्र घटेका वा घट्न सक्ने अपराधिक घटनाको सूचना संकलनका साथै शान्ति सुरक्षा कायम राख्न, प्रदेशको आर्थिक हकहित, विकास तथा औद्योगिकरण व्यवसाय प्रवर्द्धनमा असर पार्न सक्ने सम्बन्धी सूचना संकलनमा ब्यूरोले काम गर्नेछ । यसका साथै प्रदेश मन्त्रिपरिषदले अनुसन्धान गर्न आदेश दिएको विषयमा अनुसन्धान गरी प्रतिवेदन पेश गर्नेछ ।

प्रदेश सरकारले आफ्नो छुट्टै अनुसन्धान ब्यूरो राख्ने कानून गएको कात्तिक महिनामा ल्याएको छ । तर दुई वर्ष अघिदेखि नै मनपरी रुपमा प्रदेश सरकारले ब्यूरो खटाईसकेका छन् ।

प्रदेश अनुसन्धान ब्यूरोको नाममा आन्तरिक मामिला तथा कानून मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा २४ लाख रुपैयाँ बजेट पनि खर्चिसकेको छ । जसलाई महालेखा परिक्षक कार्यालयले अवैधानिक ठहर गरेको छ ।

कानुन नबनाई प्रदेश सरकारले छुट्टै अनुसन्धान ब्यूरो राख्न नपाउने भन्दै चौतर्फी आलोचना भएपछि प्रदेश २ सरकारले चालू आर्थिक वर्षमा कानून निर्माण गरेको हो ।

## ऋण तिर्न पैसा छैन, घरखेत बेच्दै सर्लाहीका उखु किसान

काठमाडौं । सर्लाहीका सयौं किसान अहिले घरघडेरीसमेत जोगाउन नसक्ने अवस्थामा पुगेका छन् । उनीहरूले उखु खेतीबाट मनग्गे आम्दानी हुने विश्वास गरेका थिए । मल, बीउ मात्र नभइ जग्गा भाडाबापतको ऋण ३६ प्रतिशत ब्याजसहित बढिरहेको छ । उखु किन्ने मिलका साहुको बेइमानीका कारण वर्षौंदेखिको बक्यौता बाँकी रहेको छ । यसैले उखु उत्पादनमा लागेको ऋण तिर्न यतिखेर यहाँका किसान आफ्नो घरखेत नै बेच्न बाध्य भएका छन् ।

सर्लाहीको धनकौल गाउँपालिका- २ का रुचा साह यतिवेला १० धुर घडेरी र घरसमेत साहुलाई बुझाउनुपर्ने चिन्तामा छन् । उनले उखु खेतीबाट राम्रो आम्दानी हुने विश्वास गरेका थिए । साठी वर्षका रुचाका श्रीमती, दुई छोरा, दुई बुहारी र चार नाति-नातिनासहित १० जनाको परिवार छ । सम्पत्तिको नाममा खपटाले छाएको एक तलाको घरबाहेक केही छैन । त्यो घर पनि उनले भारतको पन्जाबमा ज्यामी गरेर जोडेका हुन् । आफ्नै गाउँमा किसानी गर्छु भन्ने सोचेर उनले लगानी गरे तर सफल हुन सकेनन् । आफूले किसानी गर्छु भनेर शुरु गरेको र त्यसमा पनि उखुखेती त झन् दशा लागेरै गरिएझैं भएको उनको गुनासो छ ।

खेती गर्न आफ्नै जमिन थिएन, जग्गा भाडामा लिएर उनले उखु खेती गर्न शुरु गरे । रुचाले रु दुई हजार पाँच सय प्रतिकट्ठाका दरले स्थानीय महाजनको तीन बिघा जग्गा भाडामा लिएका थिए/ तर उखु बेचेको पैसा आएन, साहुले जग्गा भाडाको पैसा छाडेनन्। जसका कारण उनले आफैँ बस्ने घर पनि गतवर्ष नै साहुको नाममा बन्धकी सहीछाप गरिदिएका छन्। यता भाडाको रकमको ब्याज बढेको बढ्यै छ, उता उखु मिलले साँवा पनि दिने ठेगान छैन/। त्यसमाथि साँझ-बिहान भेट हुने जग्गा साहुले ऋण निखन्न ताकेता गरेका छन् । उता उखु मिल साहुले रकम दिने कुरा त फरै जाओस नाकमुख समेत देखाउन छोडे । जीवन दिन प्रतिदिन गाह्रो हुँदै गएको उनको गुनासो छ ।

घरनजिकैको अन्नपूर्ण चिनी उद्योगलाई आर्थिक वर्ष ०७४/७५ मा बेचेको पाँच सय क्विन्टल उखुको एक पैसा पनि नपाएको जिल्लाका उखु उत्पादक किसानहरुको गुनासो छ । भाडा बापतको रु तीन लाख एक वर्षसम्म तिर्न नसकेपछि साहुले अहिले ब्याजदर ३६ प्रतिशतले बढाएका छन् । रु तीन लाखको ब्याज मात्रै एक वर्षमा रु एक लाख आठ हजार हुन्छ/। “मिलले पैसा दिएको भए ऋणमा डुब्नुपर्ने थिएन,” उनी भन्छन्, “घरनजिकै उद्योग खुलेपछि उखु बेच्न पाइन्छ भनेर खुशी लागेको थियो तर यो त गरिब किसानको उठिबास लगाउन आएको रहेछ।” समस्या त यो छ कि अन्नपूर्ण सुगर मिलले २०७४ सालकै पैसा भुक्तानी गर्न बाँकी राखेको छ ।

उखुमा लागेको मल, बीउ, कटानी, ढुवानी खर्च र जग्गा भाडाबापतको ऋणले उनलाई समस्यामा पारेको छ। “अब परिवारलाई के खुवाउने होला ? अब ब्याज पनि तिर्न नसक्ने र मिलबाट पैसा नपाउने हो भने सुकुमबासी बन्ने निश्चित छ” उनले गुनासो गरे । सोही गाउँका हरिनन्दन राय यादवले पनि तीन वर्षअघि उद्योगलाई दिएको उखुको पैसा पाएका छैनन्। उद्योगले उनलाई रु दुई लाख ५० हजार भुक्तानी गर्न बाँकी रहेको छ । आफू पैसा माग्न उनी दर्जनौँपटक पुगिसकको तर पैसा पाउने छाँटकाँट नदेखिएको बताए । “उखुको पैसा आएपछि घर बनाउँला भनेको छु, तर अहिलेसम्म बेहाल छ।”

दुई छोरालाई विद्यालय भर्ना गर्न पनि उनले ऋण लिनुपरेको छ। मासिक शुल्क तिर्न सकेका छैनन्। घरखर्च, छोराहरूको पढाइ खर्च, वेलाबखत उपचार खर्च र खेतीपाती गर्दाको खर्च तिर्न समेत ऋण लिनुपरेको छ। उनले महाजनबाट रु तीन लाख ऋण लिइसकेका छन्। अब त्यो ऋण कसरी तिर्ने भन्ने चिन्तामा उनि पनि पिरोलिएका छन्। उद्योगले पैसा दिए साहुको ऋण तिरेर ढुक्क भएर बस्ने रहर रहेको हरिनन्दनको भनाइ छ तर आफ्नै पसिनाको मूल्य पनि सपनाको फलजस्तो भएको छ। धनकौल गाउँपालिका-६ हनुमान नगरका द्रोण राय यादवले पनि दुई वर्षअघि अन्नपूर्ण चिनी उद्योगलाई रु सात लाख बराबरको उखु बेचे तर उद्योगले अहिलेसम्म एक पैसा पनि दिएको छैन। उनले किसानी गर्दा लागेको ऋण तिर्न सात कट्ठा खेत बेचे। उनी अहिले पनि पैसा लिन सकिन्छ कि भनेर दैनिक उद्योग धाउँछन् तर निराश

बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# परराष्ट्र मन्त्रीको भारत भ्रमण

नेपाल-भारत संयुक्त आयोगको बैठकमा सहभागी हुन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली अहिले भारत भ्रमणमा छन् । दुई देशका विदेशमन्त्रीले संयुक्त रूपमा अध्यक्षता हुने संयुक्त आयोगको छैटौँ बैठक नयाँदिल्लीमा बसेको हो । यसअघि पाँचौं बैठक काठमाडौंमा सन् २०१९ मा बसेको थियो/ ।

लिम्पियाधुरा, कालापानी र लिपुलेकको विवादपछि नेपालका तर्फबाट हुने यो उच्चस्तरीय भ्रमण हो । भारतका तर्फबाट अक्टोबरमा गुप्चतर एजेन्सी 'रअ'का प्रमुख सामन्तकुमार गोयल, नोभेम्बरमा भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवणे, भारत विदेश सचिव हर्षबर्धन श्रृङ्गला र सत्तारूढ भाजपाका विदेश विभाग प्रमुख विजय चौथाइवालेको भ्रमण भएको छ । नेपालबाट लगातार भ्रमण हुने र भारतबाट नहुने अभ्यासमा यो क्रमभङ्गता हो । अहिले भारतबाट लगातार भ्रमण भएका छन् र नेपालबाट कम ।

ज्ञवालीले भारतसँग कालापानी-लिपुलेक सीमा मुद्दादेखि द्विपक्षीय महत्वका सबै विषयमा छलफल गर्ने जनाइएको छ । यसले पनि भारतको तयारीलाई उजागर गर्छ । नेपालमा प्रतिनिधिसभा विघटन भएर मध्यावधि निर्वाचनको घोषणा भएपछि यो भ्रमण तय भएको होइन । यो पूर्वनिर्धारित भ्रमण हो । भारतीय विदेश सचिव नेपाल

**ज्ञवालीले भारतसाग कालापानी–लिपुलेक सीमा मुद्दादेखि द्विपक्षीय महत्वका सबै विषयमा छलफल गर्ने जनाइएको छ । यसले पनि भारतको तयारीलाई उजागर गर्छ ।**

आएको बेला द्विपक्षीय सचिवस्तरीय बैठकले मध्य डिसेम्बरमै यो भ्रमण हुने तय गरेको थियो । त्यसबेला भ्रमण २२-२३ डिसेम्बर तय भएको थियो । तर, २० डिसेम्बरमा नेपालमा प्रतिनिधिसभा विघटन भएपछि पूर्वनिर्धारित समय प्रभावित भयो । त्यस अर्थमा यो भ्रमणको तालिकामात्र परिवर्तन भएको हो, एजेण्डा यथावत् छन् ।

मन्त्री ज्ञवालीको यो भ्रमण नेपाल-भारत संयुक्त आयोगको बैठकमा सहभागी हुन मात्र केन्द्रित रहेको छैन । नेपाल-भारत द्विपक्षीय सम्बन्धलाई थप उचाइमा पुऱ्याउने तथा आपसी हितका विषय पनि उनको भ्रमणसँग जोडिएको छ । भ्रमणका क्रममा दुई देशबीचको व्यापार, पारवहन विस्तार, ऊर्जा तथा जलाधार क्षेत्रमा भएका विकासका प्रगति तथा आगामी परियोजना, सीमा विवाद, पूर्वाधार विकासमा साझेदारी, दुई देशीय सम्पर्क सञ्जाल विस्तारसहितका विषयमा छलफलको कार्यसूची तय गरिएको छ ।

त्यसैगरी लगानीमैत्री सहकार्य, कृषिमा दुईपक्षीय सहयोग, पर्यटनमा साझेदारी तथा दुई देशबीचको सांस्कृतिक सहकार्यलगायतका अन्य कार्यसूची छ । सबैभन्दा महत्वपूर्ण विषय कोभिड-१९ को महामारी नियन्त्रणका लागि भारतले यसअघि गर्दै आएको सहयोगलाई विस्तार गर्दै त्यहाँ निर्मित खोप नेपालका लागि उपलब्ध गराउने विषय पनि रहेको छ । यस विषयमा दुई देशबीच थप समझदारी हुने अपेक्षा गरिएको छ/ ।

प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच विभिन्न समयमा भएका औपचारिक वार्ता र टेलिफोन वार्ताहरूमा उठेका विषय पनि मन्त्रिस्तरीय बैठकका एजेण्डा हुन् ।

## विवेकशील साझाको राजनीतिक संवाद समिति गठन

काठमाडौं । विवेकशील साझा पार्टीले विभिन्न पार्टी, समूह, अभियान र व्यक्तिहरूसँग सम्भावित एकता, सम्मिलन र सहकार्यको अन्वेषण र वार्ता गर्नका लागि राजनीतिक संवाद समिति गठन गरेको छ । मंगलबार बसेको पार्टीको केन्द्रीय समितिको बैठकले नेतृत्वमा पुगेर सुसंस्कार र सुशासनद्वारा देश रूपान्तरणको लक्ष्य हासिल गर्न पार्टीको आकार र सामर्थ्यमा व्यापक वृद्धि गर्नुपर्ने निष्कर्षका साथ राजनीतिक संवाद समिति गठन गरेको प्रवक्ता शरदराज पाठकले विज्ञप्तिमार्फत् जनाएका छन् । केशब दाहालको संयोजकत्वमा गठन भएको उक्त समितिमा रमेश पौड्याल, समिक्षा बास्कोटा, अनुपमान सैंजु, रञ्जु दर्शना र पुकार बम सदस्य रहेका छन् । राजनीतिक संवाद समितिका संयोजक दाहालले समितिले आफ्नो तर्फबाट लिने अग्रसरताको अलावा विवेकशील साझा पार्टीसँग मिलेर अघि बढ्न चाहने पार्टी, समूह, अभियान र व्यक्तिहरूलाई समितिसँग सम्पर्क गर्न पनि आग्रह गरेका छन् ।

# संकटकाल: सरकारको राजनीतिक गन्तव्य

**विचार - विश्लेषण** भाग–८०



उपेन्द्र झा

**शिथिल आन्दोलन न विपक्षको लागि निर्णायक हुन्छ न ओली सरकारको लागि । त्यसैले ओली आफ्नो विरोध गर्नेहरुका लागि आक्रामक भएर आन्दोलनका लागि उक्साइरहेको छ । आन्दोलनले विध्वंशक रुप लिएपछि ओलीले पूर्व निर्धारित संकटकाल घोषणा गरी राजनैतिक कोर्स परिवर्तन गर्ने रणनीति लिएको छ ।**

नेपालको राजनीतिक कोर्स परिवर्तन गर्ने निर्देशित योजना अनुसार नै नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र तनाव बढाएर विभिन्न बहानामा पौष ५ गते संसद विघटन गरी सडक संघर्षलाई जन्म दिएको प्रवुद्धवर्गको आँकलन छ ।

एमाले र माओवादी दुई विपरीत धारको पार्टीलाई एकीकरण गर्ने क्षमता राख्ने केपी शर्मा ओलीले पार्टीभित्र उठेका सामान्य अन्तविरोधलाई साम्य पार्न सक्दैनथ्यो ? आफूले नरुचाएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई परिवर्तन गर्ने शक्ति केन्द्रसँग कुरा मिलेपछि कसैलाई केही नसोधी वर्तमान राजनैतिक प्रणालीलाई समाप्त गरि नयाँ संविधान बनाउने वातावरणको खोजी गर्न नियम कानूनलाई कुल्चेर पनि संसद विघटन गरी अर्को राजनैतिक अवस्था सिर्जना गरि दिएको हो ।

जनताबाट असीम शक्ति पाएर जनप्रतिनिधी सरकारभन्दा शासकको रुपमा स्थापित हुने ओलीको निरंकूश सामन्ती संस्कार पूर्वदेखि देखिँदै आएको हो । जीवनको अन्तिम समयमा केही नयाँ कुरा गरेर गएपछि अनौठो इतिहास बनाउने उनको चाहना रहेको छ ।

आफ्नो सहकर्मी होस् कि सेवा निवृत सम्माननीय प्रधान न्यायाधीशहरु, वरिष्ठ पत्रकार होस् कि राजनैतिक विश्लेषक, राजनैतिक दलहरु होस् कि प्रवुद्धवर्ग, आफ्नो कदमलाई असंवैधानिक भन्ने जो कोहीलाई तल्लो स्थरको राजनैतिक गाली दिने घोचपेच गर्ने, अपमान गर्ने, धम्काउने प्रधानमन्त्रीको क्रियाकलाप राजनीतिलाई गलत दिशातिर लैजाने सबैले संदेह गर्न लागेको हो ।

प्रधान न्यायाधीश जस्तो गरिमामय पदको अनुभव प्राप्त गरेका सम्माननीय व्यक्तिहरुलाई सर्वोच्च अदालतमा जागिर खाएको भरमा धेरै बुझ्ने जस्ता अपमानजनक शब्दहरु प्रयोग गर्नु, प्रचण्ड-नेपाल गुटलाई "चुनाव १० वटा सीट ल्याएर देखाउन" चुनौती दिनु, सबैलाई अपमान, तिरष्कार तथा घोचपेच गरी आन्दोलन उठाउने केपी शर्मा ओलीको तीव्र-चाहना अब विस्तारै सतहमा आउन थालेको हो ।

कानून जान्ने बुझ्ने, सूक्ष्मभेदी राजनैतिक दाव बुझ्ने समाजका हरेक तब्का प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटनको कदमलाई, मन्त्री परिषदको विस्तारलाई तथा संवैधानिक आयोगको पदपूर्ति आदिलाई असंवैधानिक भन्दै विरोधमा उत्रेका छन् । ओलीको कदमलाई सही ठह-याउने अन्धभक्तको पनि कमी छैन ।

राणा शासनको "मुखे कानून" किम्वदन्तीको केपमा बुढापाकाहरुको मुखबाट सुन्थे, आज प्रत्यक्ष ओलीको शासनकालमा हेर्न पाईयो । नेपालको राजनीति नेपाली काँग्रेस र नेकपाको लागि खल्तीमा रहेको "पान सुपारी" हो, जतिबेला पनि चपाउन मिल्छ । किनभने राजनीति यी दुई पार्टीको कब्जाबाट मुक्त हुन नसकेकोले यस्ता घटनाहरु स्वाभाविक रुपमा घटि रहने हो ।

आन्दोलन प्रतिको सोच

१) नेकपा प्रचण्ड-नेपाल समूहले जनताको भीषण आन्दोलनबाट आलीलाई अपदस्थ गराएर "संघीय लोकतान्त्रिक गणतन्त्र" को रक्षा गर्ने चाहनाका साथ आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । नेकपाको समग्र कार्यकर्तामाझ "रुनु न हास्नु" को अवस्था छ । नेकपा (माओवादी) र एमालेबीच भएको एकीकरणपछि अहिले भएको विभाजनमा दुबैतिर दुबै पार्टीका कार्यकर्ता छन् । पार्टी विभाजनपछि प्रचण्ड-नेपाल समूहले आन्दोलन आह्वान गरेपनि आन्दोलनमा उर्जा देखिन्न ।

२) नेपाली काँग्रेसमा आन्दोलनका लागि मति मिलेको छैन । रामचन्द्र पौडेल समूहले सरकारले "संघीय लोकतान्त्रिक गणतन्त्र" मास्न लागेको, यसको विरुद्ध आन्दोलन गरि संविधानको रक्षा गर्ने, अनि मात्र चुनाव लड्ने कानूनन् कुरा गरि रहेको छ भने देउवा समूह चुनावका लागि तयारी गर्ने मानसिकतामा छन् । कार्यकर्ताहरुको दबावका कारण आन्दोलनमा जोश जाँगर छैन । शेरबहादुर देउवा र ओलीको आन्तरिक साँठगाँठ रहेका कारण प्रणाली जे भएपनि चुनावलाई उपयोग गरी पहिलो पार्टी बन्ने देउवाको आन्तरिक मनसाय रहेकोले पार्टीभित्रको दुई धारको संघर्षका कारण आन्दोलन शिथिल रुपमा रहेको छ ।

३) जनता समाजवादी पार्टी "संघीय लोकतान्त्रिक गणतन्त्र" को संविधान घोषणाको दिनलाई "कालो दिवस" मनाउनेले आज यस संविधानको रक्षा गर्न आन्दोलनमा होमिएको छ । मधेशी जनतालाई वलिदानी आन्दोलन गर्न उक्साई रहेको छ । ओलीलाई हटाएर प्रचण्ड-नेपाललाई वा शेरबहादुर देउवालाई स्थापना गरी च्याँखे थाप्ने मनसायले जसपा आन्दोलित छन् ।

४) नागरिक समाज वुद्धिजीबी लगायत समाजका प्रवुद्धवर्ग ओलीको तानाशाही कदम विरुद्ध नैतिकताले आन्दोलनमा उत्रि रहेका छन् । अहिले दैध मनः स्थितिमा रहेका कारण आन्दोलन उर्जावान बनिरहेको छैन । तर समाजको हरेक क्षेत्र ओलीको असंवैधानिक कदम विरुद्ध रहेका कारण विस्तारै आन्दोलन चर्कने सम्भावना देखिन्छ ।

शिथिल आन्दोलन न विपक्षको लागि निर्णायक हुन्छ न ओली सरकारको लागि । त्यसैले ओली आफ्नो विरोध गर्नेहरुका लागि आक्रामक भएर आन्दोलनका लागि उक्साइरहेको छ । आन्दोलनले विध्वंशक रुप लिएपछि ओलीले पूर्व निर्धारित संकटकाल घोषणा गरी राजनैतिक कोर्स परिवर्तन गर्ने रणनीति लिएको छ । चर्को आन्दोलन विपक्षलाई फायदा दिनुको साटो ओलीको लागि लाभदायक सिद्ध हुने कुरा देखिन्छ ।

पटक पटक अग्रगमनभन्दा पश्चगमनमा देश जानुको कारण राजनीतिमा सक्रिय रुढिवादी सामन्ती प्रवृति हो जो अग्रगमनमा वर्गीय घाटा हेर्छ । पश्चगमनमा शासक र शासकीय प्रवृति लाभान्वित रहने भएकोले शासकवर्गको यो खेल जनतालाई बुझ्न अब कठीन छैन ।

janukjha24@gmail.com

# जसपाको विद्यार्थी संगठन समायोजन चुनौतीपूर्ण



मनिष मिश्र

एकीकृत पार्टीका विद्यार्थी संगठनहरुलाई समायोजनका लागि विधि र विधान बनाउनुपर्ने हुन्छ । समायोजन गर्नका एउटा कार्यदल बनाइएको छ । त्यो कार्यदलले पूर्वराजपा र पूर्वसमाजवादीनिकट विद्यार्थी संगठनहरुबाट तीन-तीन जना सदस्य रहनेगरी विधान मस्यौदा समिति निर्माण गरिएको छ । समायोजित केन्द्रीय कार्यसमितिमा कति जना रहने, नाम के रहने, अन्य पदाधिकारीहरुलाई मर्यादाक्रअनुसार कसरी व्यवस्थापन गर्ने लगायतका विषयमा गहन छलफल र बहस भइरहेको छ । कार्यदलले विद्यार्थी संगठनको केन्द्रीय समिति २५१ जनाको रहने प्रस्ताव गरेको छ । यसैगरी, कार्यदलले 'जनता विद्यार्थी संघ' नाम पनि प्रस्ताव गरेको छ । तर नामको बारेमा टुंगो लगाउन कार्यदलले हामीलाई नै स्वायत्तता दिएको छ । कार्यदलले हामीसँग माघ १० गतेसम्म मस्यौदा मागेको छ । हामीले एउटा उत्कृष्ट ड्राफ्ट कार्यदललाई बुझाउने छौं ।

हामीले धेरै ठूलो आकारको केन्द्रीय समिति बनाउँदैनौं । जम्बो टोली भयो भने मिटिङ्ग बस्न गाह्रो, खर्च मेन्टेन गर्न गाह्रो र आकस्मिक बैठक बस्न नसक्ने विभिन्न कारणहरु छन् । त्यसैले हामीले २५१ भन्दा बढी नबढाउने गरी केन्द्रीय समिति निर्माण हुँदैछ । हाम्रा विद्यार्थी संगठनमा क्षमतावान, योग्य र आआफ्नो ठाउँबाट महत्वपूर्ण योगदान पुऱ्याएका नेता कार्यकर्ताहरु छन् । अन्य पदाधिकारीहरुलाई हामीले मर्यादाक्रमअनुसार प्रदेश, जिल्ला, पालिका लगायतका संरचनाहरुमा क्षमतावान साथीहरु हटाउनु हुनेछ । त्यसैले सानो समिति बनाउने तर सशक्त र क्षमतावान समिति बनाउनेछौं ।

विगतमा ६ वटा पार्टी मिलेर राजपा निर्माण हुँदा सबै पार्टीका विद्यार्थी संगठनहरुको समायोजन हुन सकेको थिएन । तर समाजवादी पार्टीको विद्यार्थी संगठनको समायोजन भइसकेको थियो । उसको एउटा संरचना थियो । हाम्रो त्यो अवस्था छैन । तसर्थ पूर्वराजपाका विद्यार्थी संगठनहरुबाट २५१ को प्रतिशत नामावली अर्थात् करिब १२५ जना छान्न निकै नै चुनौतीपूर्ण छ । किनकि हाम्रो विद्यार्थी संगठन यदि एउटा भएको भए त्यसबाट १२५ जना छान्न सजिलो हुन्थ्यो ।

पूर्वराजपाका विद्यार्थी संगठनहरुबाट एक-एक सय मात्रै हेर्ने भने छ सयभन्दा बढी जनाको केन्द्रीय समिति छ । छ सय जनाबाट १२५ जना छान्नु मामुली कुरा होइन । किनभने सबै साथीहरु क्षमतावान र योग्य हुनुहुन्छ । सबै जना मिहेनत गरेर आन्दोलनबाटै आउनुभएका छन् । तथापि हामीले भूगोल, जनसंख्या र केन्द्रीय राजनीतिको हिसावले को-को उपयुक्त हुनेछ भन्ने हिसावले छनौट गर्नेछौं । चुनौती धेरै छन्, त्यसबाट नै उत्कृष्ट समिति निर्माण गर्नुपर्नेछ ।

हाम्रो प्रयास छ कि नेपालमा जसपाको विद्यार्थी संगठनले आफ्नै छुट्टै पहिचान बनाउन सकोस्, त्यो किसिमको केन्द्रीय समिति निर्माणको अभियानमा छौं । हाम्रो समायोजित विद्यार्थी संगठनमा एकल अध्यक्षीय प्रणाली हुन्छ । कुनै पनि हालतमा हामीले एकभन्दा बढी अध्यक्ष बनाउँदैनौं । हामीले विद्यार्थी संघलाई मजबुती दिनका एउटा मात्र अध्यक्षको व्यवस्था गर्छौं । भागवण्डाको हिसावले विद्यार्थी संगठनको अध्यक्ष पूर्वराजपालाई दिने पूर्वसमाजवादीलाई भन्ने कुरामा कुनै किसिमको द्विविधा छैन । समायोजनको सवालमा पार्टी नेतृत्वले गरेको निर्णय हामीलाई मान्य हुन्छ । पार्टीको निर्णयबाट जुन समिति निर्माण हुन्छ, त्यसबाट भागवण्डाका कुराहरु हराएर जानेछ । हाम्रो विद्यार्थी संगठनको अध्यक्षको टुंगो पार्टी नेतृत्वले नै लगाउने हो । जबसम्म हाम्रो महाधिवेशन हुँदैन तबसम्म त्यहीं केन्द्रीय समिति हुन्छ, त्यसपछि हामीहरुबाट नै कोही एक जना अध्यक्ष चुनिन्छ । तबसम्म समायोजन टुंगो लगाउनका लागि पार्टीले जसलाई अध्यक्ष बनाउँछ त्यो मान्न हामी तयार छौं ।

*(जसपानिकट विद्यार्थी नेता मिश्रसँग गरिएको कुराकानीमा आधारित)*

# चुनाव भयो भने देशले एउटा नयाँ कोर्स लिन्छ

**जसपाका अरु नेताभन्दा पनि महन्थ ठाकुरको विचारलाई प्राथमिकता र प्रमुखता मान्नुपर्छ। उहाँको एउटा कुरा प्रष्टरुपमा आएको छ कि यो प्रजातन्त्रमाथिको प्रहार हो। यदि यस प्रहारबाट प्रजातन्त्रलाई जोगाउन सकिएन भने समाप्त भएर जान्छ र मधेशीले फेरि लामो संघर्ष गर्नुपर्ने हुन्छ। मधेशका मुद्दाहरुका बारेमा नेपाली कांग्रेस अथवा प्रचण्ड-माधव नेपालहरुको नकारात्मक दृष्टिकोण हुँदाहुँदै पनि कमसेकम प्रजातन्त्र समाप्त नहोस्, त्यसका निम्ति हामी आन्दोलनमा छौं, महन्थ ठाकुरजीले भन्नुभएको छ।**



## जयप्रकाश प्रसाद गुप्ता
### संयोजक, तराई मधेश राष्ट्रिय अभियान

**० मुलुकको पछिल्लो राजनीतिक अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– अहिले मुलुकको अवस्थालाई हेर्ने हो भने धेरै चोरहरुले आफ्ना सुरक्षाका लागि चारैतिरबाट घेरेको पर्खाल भित्र बसेका छन्। समस्या भागवण्डाभित्रै हुने हो। यस्तो अवस्थामा जुन विमतिहरु उत्पन्न हुन्छ, मुलुकमा झण्डै त्यस्तै स्थिति देखिएको छ। मुख्य राजनीतिक दलहरुले आफ्नो जातीय सुरक्षाका लागि, आफ्नो राजनीतिक हितका लागि यिनीहरुले संविधान बनाए। त्यो संविधान बनाउँदा अन्य स्टेकहोल्डरहरुलाई खासै ध्यान दिएनन्। उनीहरुका अपेक्षाहरुलाई कुनै ज्ञानगिद्दीमा राखेनन्। त्यसरी उनीहरुले बनाएका संविधानका बारेमा उनीहरु ढुक्क थिए कि हामीलाई कसैले भेदन गर्न सक्दैन, हाम्रो हितलाई कसैले नोक्सान पुर्‍याउन सक्दैन। तर संवैधानिक र कानूनीरुपले अत्यन्तै ठूलो प्रतिरक्षा घेरामा बसेपनि उनीहरुको स्वार्थको टकरावले गर्दा त्यो प्रतिरक्षाको घेरा टुट्न गएको छ र मुलुक एकैचोटि चुनावमा गएको छ। प्रजातन्त्र रहने कि नरहने त्यो प्रश्न अर्को उठेको छ, राष्ट्रपतिको गरिमामाथि गम्भीर चुनौतीहरु थपिएका छन्, अदालत सर्वत्रबाट दबाबमा परेको छ। यो दशक यता कहिल्यै पनि नेपालको यस्तो स्थिति थिएन।

**० नेकपाभित्रको विवादकै कारण संसद विघटन भयो कि यसका पछाडि अन्य केही कारणहरु पनि छन् ?**

– नदेखिएका अन्तर्निहीत कारणहरुतिर म जान चाहन्न। तर देखिएको कारण नेपालमा एउटा शक्तिशाली कम्युनिष्ट पार्टी निर्माणका लागि दुईटा पृथककारी कार्यशैलीका पार्टीहरु चुनावपछि एक भए। तर उनीहरुले आफ्नो पार्टीको व्यवस्थापन गर्न सकेनन्। पार्टीभित्रका चुनौतीहरुलाई उनीहरुले मिलाउन सकेनन्, जसले गर्दा एकातिर जनअपेक्षाहरु पूरा भएन। समृद्धिको सपना जनतालाई उनीहरुले जसरी देखाएका थिए आफ्नै घर झगडाका कारण ध्यान दिन सकेनन् र आफ्नो घरझगडालाई पनि व्यवस्थित गर्न सकेनन्। फलतः उनीहरुले खेल्ने ठाउँ प्रजातन्त्र र संविधान भयो। घरझगडाकै कारणले यो परिस्थिति उत्पन्न भएपनि अहिले सबैभन्दा ठूलो प्रहार संविधानमाथि हुन गएको छ। भोलीको दिनमा निर्वाचन हुन्छ कि हुँदैन, निर्वाचन भए कस्तो परिस्थिति हुन्छ लगायतका अनेक प्रश्नहरु अहिले उत्पन्न भएको छ। तर यसको उत्पति नेकपाको आन्तरिक विवादकै कारण भएको हो।

**० प्रधानमन्त्रीले यस्तो ठूलो कदम चाल्नुको पछाडि अन्य कतैबाट निर्देशन वा सहयोग पाउनुभएको हो कि ?**

– प्रधानमन्त्रीले बाहिरबाट निर्देशित वा प्रभावित भएर यस्तो कदम चाल्नु भएको हो कि भन्ने कुराहरु देखिँदैन। प्रधानमन्त्री संसदमा पनि शक्तिको आधारमा असुरक्षित देखिनु भएको थिएन। पार्टीभित्र पनि उहाँको स्थान बडो सुरक्षित थियो। उहाँका पार्टीभित्रका विरोधीहरु प्रचण्ड र माधव नेपालहरु मुख्य फोरमहरुमा जान सकिरहेका थिएनन्। मुख्य फोरम भनेको केन्द्रीय समितिको बैठक बसाउन सकिरहेका थिएनन्, जसको निर्णय प्रधानमन्त्रीका लागि बाध्यकारी हुन सकोस्। अथवा त्योभन्दा पनि बलियो फोरम भनेको संसद हो, जसले प्रधानमन्त्रीको चयन गर्दछ। त्यसबाट प्रधानमन्त्री असुरक्षित हुनुभयो भन्ने कुरा कतैबाट देखा परिरहेको थिएन। उहाँ नेकपाको संसदीय दलका नेता हुनुहुन्थ्यो, अपार बहुमत थियो। पार्टीको केन्द्रीय समितिमा पनि प्रधानमन्त्रीको विपक्षमा बहुमतको अवस्था थिएन। यस्तो अवस्थामा प्रधानमन्त्रीले यस्तो कदम चाल्नु बडो आश्चर्यजनक त भएको छ। तर यस्तो शक्तिशाली प्रधानमन्त्रीलाई कसले निर्देशन दिएका होलान्।

**० बाह्य शक्तिको निर्देशन होला कि ?**

– प्रधानमन्त्रीको यो कदमबाट नेपाल अस्थिर भएको छ। भनेपछि सहजरुपमा अनुमान गर्न सकिन्छ कि अस्थिर नेपाल भारत वा चीनको स्वार्थलाई पूरा गर्दैन। नेपालमा जति अस्थिरता वा हलचल हुन्छ, छिमेकीहरुलाई त्यति नै असर गर्छ। हामीले सुन्दै पनि आएका छौं कि यहाँ ठूलठूला आन्दोलन हुँदा चीन र भारत दुवै सतर्क हुन्छन् कि यहाँको अस्थिरताले हामीलाई पनि असर गर्छ। यो राजनीतिक कदमले गर्दा नेपाल त अस्थिर भयो, त्यसले उनीहरुलाई कुनै फाइदा पुगेको जस्तो लाग्दैन। त्यसकारणले प्रधानमन्त्रीले आफ्नै आन्तरिक कारणले यो निर्णय लिन बाध्य भएको हुनुपर्दछ।

**० केही दिन पहिला राजावादीहरुको प्रदर्शनहरु धेरै भइरहेको थियो, यसको प्रभाव कतिको हुन सक्छ ?**

– यता केही दिनदेखि मुलुकका केही प्रमुख शहरी क्षेत्रहरुमा राजाको पक्षमा नारा जुलुसहरु लाग्यो। तर त्यो बडो कुहिरोभित्रको प्रदर्शन हो। त्यसका उद्देश्यहरु सफारुपमा सार्वजनिक भइरहेको थिएन। केही ठाउँहरुको जुलुसमा राजा आउ देश बचाउ भनेर नारा लाग्यो। ठिक छ, त्यो एउटा अमूर्त कुरा हो, राजा आएर देश जोगिन्छ वा जोगिदैन। राजनीतिकरुपले उनीहरुले उठाएका कुराहरु ०४७ सालको संविधानलाई फेरि लागू गर्नुपर्दछ र संवैधानिक राजतन्त्रलाई पुनर्स्थापित गर्नुपर्दछ। यदि अहिलेको राजनीतिक दलहरुका कारण मुलुकमा बेथिती उत्पन्न भएको छ, यदि अहिले राजनीतिक दलहरुले मुलुकलाई सम्हाल्न सकेको छैन भने विद्या भण्डारी राष्ट्रपतिको ठाउँमा संवैधानिक राजाको ठाउँमा ज्ञानेन्द्रलाई फेरि पदार्पण हुन्छ भने राजनीतिक पार्टीहरु त यिनै रहने हो। फेरि पञ्चायती व्यवस्था त आउने होइन। आजको दिनमा राजाको अभिष्ट पूरा गर्ने राप्रपा जस्तो पार्टी निर्णायक पनि हुने छैन। त्यसकारण यही कांग्रेस, कम्युनिष्ट र मधेशवादीको संसद रहेर र चुनावबाट यिनीहरु नै जितेर गएर संवैधानिक राजाको रुपमा ज्ञानेन्द्र आउँदा मुलुकमा कुन चाँहि थिति वा परिवर्तन आउनेवाला छ ? त्यसले गर्दा त्यो एउटा कुहिरोभित्रको मोभमेन्ट थियो।

**० यदि संसद पुनर्बहाली भयो भने त्यसपछिको सत्ता समीकरण कस्तो बन्ने देख्नुहुन्छ ?**

– पहिलो कुरा त यस्ता विषयहरु सर्वोच्च अदालतमा किन पुग्दछ। यो अस्वाभाविक होइन। अहिलेको यो राजनीतिक विमती छ, जसको कारणले प्रधानमन्त्रीले यस्तो निर्णय गरे। भनेपछि यदि सर्वोच्चले संसदको पुनर्स्थापन गर्दछ भने पनि राजनीतिक अस्थिरता नै रहन्छ। किनकि यी सबै कुरालाई एकरातमै बिर्सेर बहुमत प्राप्त नेकपा उही सौहार्दताका साथ सरकारमा काम गर्न सक्दैन र आपसमा उनीहरुमा समझदारी हुन सक्दैन। स्वाभाविकरुपले संसद पुनर्स्थापन भयो भने केही हारेको पक्ष बन्न जान्छ, माधव नेपाल र प्रचण्ड पक्ष विजेता पक्षको रुपमा अगाडि आउँछन्। उनीहरुको पहिलो काम नै ओलीलाई सरकारबाट हटाउनु हुनेछ। त्यसले गर्दा यो दुई वर्षमा राजनीतिक स्थायित्व हुने छैन। यदि पुनर्स्थापित भयो भने यो संसदको अवधि पूरा उथल-पुथल रहन्छ। यदि चुनाव भयो भने बरु देशले एउटा नयाँ कोर्स लिन्छ।

**० यो संविधानलाई कालो भन्दै विरोध गर्दै आएको जसपाले संविधान रक्षाका लागि भन्दै गरिरहेको आन्दोलनलाई कसरी हेरिरहनु भएको छ ?**

– प्रधानमन्त्रीले संसद विघटन गरे, यो संविधान समाप्त भयो, अब हामी रमाइलो गरौं भन्ने स्थिति जसपाको छैन। जसपाले एउटा जिम्मेवार राजनीतिक पार्टीको रुपमा त्यसरी सोच्नु पनि हुँदैन। मैले बुझेअनुसार जसपाका नेताहरुको धारणा जसरी सार्वजनिक भइरहेको छ, खासगरी अरु नेताभन्दा पनि महन्थ ठाकुरको विचारलाई प्राथमिकता र प्रमुखता मान्नुपर्छ। उहाँको एउटा कुरा प्रष्टरुपमा आएको छ कि यो प्रजातन्त्रमाथिको प्रहार हो। यदि यस प्रहारबाट प्रजातन्त्रलाई जोगाउन सकिएन भने समाप्त भएर जान्छ र मधेशीले फेरि लामो संघर्ष गर्नुपर्ने हुन्छ। मधेशका मुद्दाहरुका बारेमा नेपाली कांग्रेस अथवा प्रचण्ड-माधव नेपालहरुको नकारात्मक दृष्टिकोण हुँदाहुँदै पनि कमसेकम प्रजातन्त्र समाप्त नहोस्, त्यसका निम्ति हामी आन्दोलनमा छौं, महन्थ ठाकुरजीले भन्नुभएको छ। यो एउटा बडो महत्वपूर्ण कुरा हो। अहिले जसपा आन्दोलनमा जाँदा एउटा फेससेभ पनि पाएको छ। काठमाडौंमा घाम तापेर बस्नुभन्दा जसपाले एउटा नयाँ मुद्दा लिएर जनतामाझ गएको छ। यसबाट अनुहार लुकाउने मौका पनि जसपाले पाएको छ।

**० संसद विघटनबाट मधेशमा कस्तो प्रभाव परेको छ ?**

– मधेश देशको एउटा अभिन्न भाग हो। यो मुलुकमा हुने हरेक घटनाले मधेशलाई पनि बराबर असर पार्दछ। वैश्विक महामारी कोरोनाबाट पूरा विश्व अप्ठ्यारोमा परेको छ, देश पनि अप्ठ्यारोमा छ र मधेश पनि अप्ठ्यारोमा परेको छ। अहिले वर्ष दिन हुन लाग्यो सीमा बन्द छ। मधेशको व्यापार भारतसँग बडो गहिरो गरी स्तर आबद्धता थियो। मान्छेहरु सामाजिकरुपमा जोडिएको थियो, औषधि उपचारका लागि भारतप्रति निर्भरता थियो। भनेपछि अहिले सबै कुरा लथालिङ्ग छ। सीमाको सवालमा पहाडका मान्छेले त्यति साह्रो पीडा भोग्नुपर्दैन। तर मधेश अति नै पीडामा छ। अहिलेको राजनीतिक समस्याबाट पूरै नेपाल समाधान चाहेको छ र मधेशले पनि त्यहीं कुरा चाहेको छ। अहिलेको बेलामा मधेशको धेरै ठूलो वा भिन्न खालको अपेक्षा हुनुपर्छ जस्तो लाग्दैन।

# स्वयम् प्रधानमन्त्रीले पनि चुनाव चाहेका छैनन्



## रोशन जनकपुरी
### साहित्यकार तथा स्वतन्त्र वामपन्थी विचारक

**दलहरुको एउटा धार प्रष्ट हुन सकेको छैन। कांग्रेसभित्रै हेर्ने हो भने शेरबहादुर देउवाको एउटा धारणा छ भने रामचन्द्र पौडेलको अर्कै धार छ। जसपामै पनि पुनर्स्थापन र चुनावको दुईटा धार देखिन्छ। नेकपा त आफै विभाजितै छ। फाइदाको हिसावले जो पार्टीहरु अहिले कमजोर छन्, उनीहरुले चुनाव भइदिएको भए राम्रो हुन्थ्यो भन्ने छ।**

**० संसद विघटनपश्चात्को राजनीतिक घटनाक्रमलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

– संसद विघटनलाई कुनै पनि हालतमा संवैधानिक त मान्नै सकिँदैन। किनभने ऐनाजस्तै सफा छ कि संविधानले कहीं पनि प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार दिएको छैन। प्रत्यक्ष हेर्दा कम्तीमा सरकार बन्ने कुनै सम्भावना रहेसम्म संसद विघटन गर्न सकिँदैन भन्ने प्रावधान त छँदैछ। तर अप्रत्यक्षरुपमा हेर्दा यो संविधानको निरीहता नै हो जहाँ एउटा कुनै व्यक्तिले सबैलाई नियन्त्रण गर्छ, उसले आफूखुशी संविधानको अर्थ लगाउँछ र त्यहाँ भएका जति पनि शासनतन्त्र छन् सबैले त्यसलाई शिरोधार्य गर्छन्। यसलाई मैले संविधानकै निरीहता हेर्छु।

**० यदि सरकार बनाउने विकल्पहरु हुँदाहुँदै संसद विघटन हुन सक्दैन भन्ने हो भने करिब दुई तिहाइ बहुमत प्राप्त दलका नेताले ताजा जनादेशका लागि जनतामा जाने निर्णय गर्छन् भने ती विकल्पको के अर्थ रहन्छ ?**

– प्रधानमन्त्रीले यदि सरकार चलाउन सक्दैन भने त्यहाँ एक्लो मान्छे होइन नि। दुई तिहाइ भएपनि आखिर उसलाई संसदले नै प्रधानमन्त्री बनाएको हो। संसदबाट नै उसको दुई तिहाइ साबित भएको हो। बरु उसले संसदमै गएर आफ्नो कुरा राख्ने हो। अनि त्यहाँ ऊ सफल हुन सकेन भने दुई तिहाइ त के ९० प्रतिशत बहुमत भएपनि ऊ त आखिर संसदप्रति नै जिम्मेवार हो नि। उसको व्यक्तिगत राजनीतिक आस्थाको आधारमा ऊ कुनै पार्टीप्रति जिम्मेवार होला तर प्रधानमन्त्रीको हिसाबमा त संविधान र जनताप्रति जिम्मेवार हो। त्यसकारणले उसले जे गर्दा संसदको सामना गर्नुपर्दथ्यो।

**० तर प्रधानमन्त्रीले आफूसँग ६४ प्रतिशत बहुमत थियो, अन्य विकल्पमा जाँदा पनि अन्त्यमा संसद विघटन नै हुने भएकोले ताजा जनादेशमा जानु नै वेश भन्ने तर्क छ नि ?**

– प्रधानमन्त्रीले आफूसँग ६४ प्रतिशत बहुमत रहेकोले कुनै विकल्पमा जाँदा समय बर्बाद मात्रै हुने तर्क एउटा तानाशाहको कुरा हुनसक्छ। एउटा तानाशाहलाई लाग्यो कि जे गरिरहेको छु राम्रै गरिरहेको छु, देशकै हितमा गरिरहेको छु, यो संविधानअनुसार अन्य कुनै बाटोबाट जाँदा पनि म सफल हुन सक्दिँन त्यसकारण संसद नै भंग गरौं, संविधानलाई निलौं भन्ने हिसावले एउटा तानाशाहले त गर्न सक्छ। तर, लोकतान्त्रिक शासकले यो बाटो अवलम्बन गर्न सक्दैन। लोकतान्त्रिक शासनको एउटा स्वरुप त हुन्छ नि। त्यसको संयन्त्रहरु हुन्छन्, संविधान र संसद हुन्छ, उसले त्यहीं गएर गर्न सक्नुपर्छ।

**० जनतामा जानु तानाशाह कसरी भयो त ?**

– जनतामा जानु छ भने संविधानसम्मत जानुपर्‍यो नि। लोकतान्त्रिक पद्धतिअनुसार जान सक्नुपर्‍यो। जब संविधानले त्यहाँ भनेको छ। हुन म यो वर्तमान संसद र संविधानलाई आलोचकीय नजरले हेर्छु। तर पनि संविधानको कुरा गर्ने हो भने संविधानले कुनै पनि प्रधानमन्त्रीलाई यो अधिकार दिएको छैन। मानौं उहाँ ताजा जनादेशमा जानुहुन्छ, फेरि जनादेश लिएर आउनुहुन्छ, फेरि यही स्थिति उत्पन्न भयो भने उहाँले के गर्नुहुन्छ। या जुनसुकै प्रधानमन्त्री आएपनि उसले आफ्नो अनुकूल गर्न सकेन भने यही नजिर देखाएर उसले संसद विघटन गर्न सक्छ नि। त्यसकारण यो पद्धति, संविधान र लोकतन्त्रसंगत भएन।

**० यो मुद्दा सर्वोच्चको संवैधानिक इजलासमा विचाराधीन छ, सर्वोच्चले यसमा निर्णय दिन किन ढिलाइ गरिरहेको होला ?**

– अहिले यो मुद्दा सर्वोच्च अदालतमा छ। यसप्रति कुनै टिप्पणी गर्दा संविधान र सर्वोच्चको अवमूल्यन गरेजस्तो होला। आखिर सर्वोच्च अदालत पनि यही संविधानमातहत यही राजनीतिज्ञहरुले तय गरेको पद्धतिबाट आएका प्रधानन्यायाधीश हुनुहुन्छ। त्यो हिसावमा प्रधानन्यायाधीशले आफ्नो अनुकूलता खोज्दै हुनुहुन्छ होला। होइन भने सबै कुरा ऐनाजस्तै सफा छ नि। जब संविधानमा कुनै कुरा अभिव्यक्त हुन्छ, त्यसको अर्थ दुईथरिको लाग्ने खालका हुन्छन् भने त्यहाँ त संवैधानिक व्याख्याको आवश्यकता हुन्छ, संवैधानिक अदालतमा जानुपर्ने स्थितिहरु हुनसक्छ। तर यहाँ त स्पष्ट छ।

**० जसरी सर्वोच्च अदालतलाई संविधानको अन्तिम व्याख्याता भनिएको छ, भनेपछि सर्वोच्चले सरकारको यो निर्णयलाई उल्टाउन सक्छ ?**

– यस मुद्दामा सर्वोच्च अदालतमाथि निश्चितरुपमा दबाब छ। मीनबहादुर रायमाझी जुन बेला प्रधानन्यायाधीश हुनुहुन्थ्यो, उहाँले शाही शासनकालमै शाही आयोगलाई खारेजी गरिदिनुभएको थियो। त्यो खालको पनि एउटा प्रधानन्यायाधीश हुनुहुन्थ्यो। विगतमा बहुदलीय कालमा पनि संसद विघटनका कुराहरु आएका थिए, तर सर्वोच्च अदालतले त्यसलाई खारेज गरिदिएको थियो। तर सर्वोच्च अदालतले संवैधानिक विवेक प्रयोग गर्छ भने त सरकारको यो कदम बदर हुनसक्छ। हैन भने के भन्न सकिन्छ र।

**० सर्वोच्च अदालतप्रति अहिले चौतर्फी दबाब बन्दै गइरहेको अवस्था छ, यस्तो सर्वोच्चबाट निष्पक्ष र स्वतन्त्ररुपले निर्णय आउँछ त ?**

– अदालतमा दुवै पक्षबाट बहस भइरहेको हुन्छ। पूर्वप्रधानन्यायाधीशहरुले आमनागरिकको हैसियतले आफ्नो धारण राखिरहनुभएको छ तर प्रधानमन्त्रीले बोल्नु हुँदैनथ्यो। यदि उहाँ यो संविधानलाई सम्मान गर्नुहुन्छ वा सर्वोच्चप्रति विश्वास राख्नुहुन्छ भने बोल्नु हुँदैनथ्यो। त्यसैले सर्वोच्चमाथि दबाब छ। सर्वोच्च अदालतलाई जतिसुकै स्वतन्त्र भनिएपनि राजनीतिकसँग जोडिएकै हुन्छ। तर आशा गरौं संवैधानिक र विवेकपूर्ण निर्णय आउँछ।

**० संसद विघटनमा देशी-विदेशी शक्तिको प्रभाव पनि हुनसक्छ ?**

– स्वाभाविक छ, नेपाल कुनै अर्कै ग्रहको देशको होइन। जब राजनीतिक चहलपहल भइरहेको हुन्छ भने घुसपैठ पनि भइरहेकै हुन्छ। जब संसद विघटन भइरहेको थियो, त्यसभन्दा पहिला भारतीय एजेन्सीहरुको नेपाल आगमन, त्यसपछि चिनियाँहरुको सक्रियता। त्यसकारणले बाहिरी शक्तिको केही न केही प्रभाव त होला। कसको कतिको भूमिका भन्ने कुरा त पछि खुल्दै जान्छ।

**० संसद विघटन हुँदा कुन छिमेकीलाई फाइदा भयो त ?**

– नेपालको ऐतिहासिक समीक्षा गर्ने हो भने वैदेशिक निकटताको हिसावले हाम्रा दक्षिणी मित्रहरु बढी नजिक छन्। अहिले मात्र होइन, नेपालका हरेक राजनीतिक घटनाक्रममा दक्षिणी छिमेकीको भूमिका रहँदै आएको छ। पछि-पछि उत्तरी छिमेकीले पनि आफ्नो प्रभाव जमाउन थाले। कुनै पनि विदेशी शक्तिले स्थिर सरकार चाहँदैन। साना देशहरु अस्थिरतामा फँसिरहोस्, आफ्ना दलालहरु पैदा गरिरहोस् भन्ने चाहन्छन् ठूला शक्तिशाली राष्ट्रहरु।

**० सरकारले चुनावको मिति घोषणा गरिसकेको छ, चुनाव होला त ?**

– चुनाव होला भन्नेमा शंका छ। यद्यपि नेपालका राजनीतिक दलहरुको एउटा धार प्रष्ट हुन सकेको छैन। कांग्रेसभित्रै हेर्ने हो भने शेरबहादुर देउवाको एउटा धारणा छ भने रामचन्द्र पौडेलको अर्कै धार छ। जसपामै पनि पुनर्स्थापन र चुनावको दुईटा धार देखिन्छ। नेकपा त आफै विभाजितै छ। फाइदाको हिसावले जो पार्टीहरु अहिले कमजोर छन्, उनीहरुले चुनाव भइदिएको भए राम्रो हुन्थ्यो भन्ने छ। तर सबैले दुई तिरै आफ्ना कार्ड लगाएका छन्। मलाई लाग्छ प्रधानमन्त्री स्वयम्ले पनि चुनाव चाहेका छैनन्।

**० यदि संसद पुनर्स्थापना भयो भने त्यसपछि नेपालको राजनीतिक अवस्था कस्तो हुन सक्छ ?**

– अहिले अनिश्चित छ, केही भन्न सक्ने स्थिति छैन। यदि चुनाव भएन भने सबै संवैधानिक बाटाहरु करिब-करिब बन्द हुने स्थिति आउँछ। एउटा अस्थिरता जन्मने खतरा छ। यहीं नै हुन्छ भन्न सक्ने स्थिति छैन। तर नेपालको अवस्था गन्जागोल हुने निश्चित छ।

**० अब अन्त्यमा तपाईंको व्यक्तिगत राजनीतिक पृष्ठबारे कुरा गरौं। तपाईं विगतमा कम्युनिष्ट पार्टीमा लाग्नुभएको थियो, अहिले स्वतन्त्र रुपमा बसिरहनु भएको छ। राजनीतिबाट किन टाढिनु भएको हो ?**

– म राजनीतिबाट टाढिएको त छैन, पार्टीहरुबाट अलग्गिएको छु। म जुन कम्युनिष्ट विचारका साथ राजनीतिमा लागेको थिएँ, त्यो अगाडि बढ्न सकेन। समग्र कम्युनिष्ट आन्दोलन पनि ध्वस्त हुने स्थितिमा छ। वर्गीय, मजदुर, किसानलगायत सबैका एजेन्डाहरु पछाडि परिरहेका छन्। कम्युनिष्ट पार्टीको जुन मूलधार थियो त्यो पतन भइसकेको स्थिति छ। संसदभन्दा बाहिर रहेका कम्युनिष्टहरुसँग पनि एजेन्डा छैन। त्यसैले अब नयाँ किसिमको राजनीतिक धार आउनुपर्‍यो, जसलाई जोडेर एउटा नयाँ संघर्षको थालनी गर्ने अवस्था हो। त्यसकारणले म एउटा मन्थनको अवस्थामा छु। अहिले नेकपा, कांग्रेसहरुको कमजोरीकै कारण यहाँ राजतन्त्रका कुराहरु उठिरहेका छन्। जनतामा भ्रम सिर्जना भइरहेको छ। त्यसकारण म साथीहरुसँग छलफल गरिरहेको छु, केही नयाँ गर्न सकिन्छ कि भन्ने स्थितिमा म छु। मधेशतिर नै हेर्ने हो भने त पूरै गन्जागोलको अवस्था छ। यो बीचमा म एउटा नयाँ प्रयास गर्न चाहन्छु।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# संविधान संशोधनको माग पुष्टि भयो



**रामसहाय प्रसाद यादव**

गत पुस ५ गते प्रधानमन्त्रीले असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदम चाल्नु भयो । त्यसलाई राष्ट्रपतिले स्वीकृत गर्नु भयो । अहिले जारी भएको संविधानमा हाम्रा थुप्रै असहमतिका बाबजुद पनि त्यसमा जनताका महत्वपूर्ण उपलब्धिहरु पनि रहेका छन् । संघीयता, समावेशी लोकतन्त्र, धर्म निरपेक्षता, गणतन्त्र लगायतका उपलब्धिहरुलाई समाप्त गर्ने मनसायले प्रधानमन्त्रीले जुन असंवैधानिक कदम चाल्नुभयो त्यसका विरुद्धमा हामी निरन्तर आन्दोलन गर्दै आएका छौं । यो संविधानले प्रधानमन्त्रीलाई कहीं पनि प्रतिनिधिसभा विघटन गर्ने अधिकार दिएको छैन । २०४७ को संविधानमा प्रधानमन्त्रीसँग विशेषाधिकार थियो । जुन आधारमा विगतमा प्रधानमन्त्रीहरुले संसद विघटन गरेका घटनाहरु छन् । सात दशकको अवधिमा कुनै पनि सरकारले आफ्नो पाँच वर्षको कार्यकाल पूरा गर्न सकेको छैन । सरकार बनेको भोलीपल्टदेखि नै सरकार ढाल्ने जुन खेलहरु विगतमा भयो त्यस्ता नकारात्मक संसदीय अभ्यासबाट कसरी मुक्ति पाउने भन्ने कुरालाई मध्यनजर गरी यो संविधानमा परिमार्जित संसदीय व्यवस्थाको परिकल्पना गरिएको छ । प्रतिनिधिसभालाई प्रधानमन्त्रीले विघटन गर्न नपाउने प्रावधानसहित यो संविधान जारी भएको हो । संविधानले नदिएको अधिकार प्रयोग गरेर प्रतिनिधिसभालाई विघटन गर्नु भनेको प्राप्त उपलब्धिलाई समाप्त पार्न खोज्नु हो । त्यसकारण यसका विरुद्धमा हामी निरन्तर लागि रहेका छौं ।

यदि संसद पुनर्स्थापना भएन भने मुलुक द्वन्द्वतर्फ जान्छ र मुलुकमा फेरि अस्थिरता निम्तिन्छ । जनताले दुई तिहाइको मत पाँच वर्षसम्म सरकार चलाउनका लागि दिएको हो । तर दुई वर्षभन्दा बढी अवधि बाँकी रहँदा नै प्रतिनिधिसभा विघटन गर्नु, जनादेशको विपरीत हो । न त संविधानले त्यो अधिकार प्रधानमन्त्री दिएको हो । त्यसकारण दुई तिहाइ दलको नेतृत्व गर्ने प्रधानमन्त्रीले संविधानविपरित गएर लोकतन्त्रमाथि प्रहार गर्ने उद्देश्यले जुन कदम चाल्नु भयो, त्यो मुलुक, जनता र शहीदको भावनालाई समाप्त गर्ने षड्यन्त्र हो ।

यो सरकारसँग दुई तिहाइको बहुमत त छँदै थियो, अल्पमतको सरकार त थिएन । संसद नै विघटन गर्नुपर्ने स्थिति थिएन । संसद विघटनका लागि संविधानमा चार वटा विकल्पहरु छन् । अन्य दलहरुले सरकार ढाल्न सक्ने हैसियत नै प्राप्त गरेको छैन ।

तर आफ्नो पार्टीभित्रको आन्तरिक कलहका लागि देशलाई नै भड्खालोमा पुऱ्याइदिने काम गर्नुभएन नि । संघीयता मुलुकमा भएपछि पूर्णरुपमा संस्थागत हुन सकेको छैन । प्रदेश सरकारहरुलाई दिनुपर्ने अधिकारहरु हस्तान्तरण गरिएको छैन । विभिन्न कानूनहरु निर्माण गरी मुलुकमा स्थायित्व स्थापित गर्नुपर्ने ठाउँमा पार्टीभित्रको आन्तरिक कलहका कारण मुलुकलाई झन् अनिर्णयको बन्दी बनाइएको छ । लोकतान्त्रिक मुलुकमा तानाशाही, निरंकुश प्रवृत्तिको जसरी प्रदर्शन गरियो यसले मुलुकलाई हित गरेको छैन । आज मुलुक अस्थिरतातर्फ जाने सम्भावना बढेको छ । अहिले संसद विघटनका विरुद्ध विभिन्न रिटहरु परेका छन् । मुलुकको अवस्थालाई मध्यनजर गर्दै सर्वोच्च अदालतले न्याय गर्नुपर्छ । संविधानको रक्षा गर्ने ऐतिहासिक जिम्मेवारी अहिले सर्वोच्च अदालतको हातमा गएको छ । सर्वोच्च अदालतबाट प्रतिनिधिसभा यदि समयमा पुनर्स्थापना भएन भने मुलुकले धेरै संकट व्यहोर्नुपर्छ र मुलुकमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलखेल बढ्ने सम्भावना हुन्छ जसको सुरुवात भइसकेको छ । त्यसकारण हामी सबै नागरिक सचेत हुनुपर्छ । संघीयता पक्षधर, लोकतन्त्रवादी र पहिचानवादी शक्तिहरु एकताबद्ध भएर संघर्षमार्फत् अस्थिरता पैदा गर्ने कामलाई रोक्नुपर्छ । संसद पुनर्स्थापना गरेर फेरि मुलुकमा सुशासन र समृद्धि मुलुकमा आउन सक्छ ।

संसदीय प्रणालीको सर्वोच्च निकाय हो संसद । जनताको समस्या, कानून निर्माण, विकास निर्माण लगायतका विषयवस्तुहरु संसदबाट नै निर्णय हुने कुराहरु हुन् । मुलुकमा रहेका समस्याहरुको निदान गर्ने थलो नै जनताबाट निर्वाचित प्रतिनिधिसभा हो । संसद नै रहेन भने ती समस्याहरु कसरी समाधान हुन्छ । जुनसुकै पनि प्रजातान्त्रिक र लोकतान्त्रिक देशमा संसद नभए जनताको हितसँग सरोकार रहेका कुनै पनि काम गर्न सक्दैन । त्यसकारण संसद पुनर्स्थापना नै पहिलो काम हो । संसद पुनर्स्थापना भएपछि अन्य कामहरु पनि अगाडि बढ्छन् ।

सर्वोच्च चाहीँ स्वतन्त्र निकाय हो । न्यायालय स्वतन्त्र हुनुपर्छ र सर्वोच्च अन्तिम आशाको केन्द्र पनि हो । नेपाली जनता या जुनसुकै पनि देशमा सर्वोच्च अदालत अन्तिम न्याय गर्ने निकाय हो । हामीलाई विश्वास छ, हामीलाई आशा छ कि न्यायालयले न्याय गर्छ र न्यायालयले संविधान बाहिर गएर निर्णय गर्नु हुँदैन । सर्वोच्चले संविधान बाहिर गएर, संविधानमा प्रावधान नभएका विषयमा निर्णय दिनुहुँदैन । संविधानमा नभएको कुरालाई आधार मानेर जुन किसिमले प्रधानमन्त्रीले कदम चाल्यो र राष्ट्रपतिले अनुमोदन गर्नुभयो त्यो संविधानको मर्म अनुसार थिएन । त्यही विषयलाई न्यायालयले संविधानको एउटा संरक्षकको हिसाबले, व्याख्याताको हिसाबले हेर्नुपर्छ । त्यसलाई संविधानको मर्म र भावनाअनुसार, त्यसमा भएको प्रावधानअनुसार सर्वोच्चले फैसला गरोस् भन्ने हाम्रो आशा छ । हामी यो कदमको विरुद्धमा छौँ तर न्यायालयको विरुद्धमा हाम्रो आन्दोलन छैन । हामी जनताको जुन जनादेश हो जुन जनमत हो त्यसलाई अदालतले सम्मान गरोस् भन्ने चाहन्छौ ।

हाम्रो देशको संविधान हामी पालन गर्ने हो अरु देशको चाँही संविधान लागू गर्ने होइन । प्रधानमन्त्रीले अरु देशको संविधानको आधारमा यहाँ कानून निर्माण गर्ने होइन । अरु देशको संविधानलाई हेरेर यहाँ चाँही व्याख्या गर्ने होइन । त्यसकारण हाम्रो देशमा जे संविधान जनताले संघर्ष गरेर संविधान सभामार्फत बनाएका छन्, जुन उपलब्धि हासिल भयो त्यो उपलब्धिलाई रक्षा गर्नका लागि पनि र जनताको जनमतको सम्मान गर्नको लागि पनि संसदको पुनःस्र्थापना जरुरी छ । हामीले पहिलेदेखि नै भन्दै आएका छौं कि संविधान निर्माण प्रक्रिया त्रुटीपूर्ण छ, अधुरो छ । संविधानमा चाहीँ जनताको भावनालाई समावेश नै गरिएन । पहाड, हिमाल, मधेश, आदिबासी, जनजाती, थारु, दलित, मुस्लिम महिला, उत्पीडित, शोषितहरु छन्, जो विभेद र न्यायमा परेक ासमुदायहरु छन्, त्यस समुदायको भावनालाई सम्बोधन गर्ने गरि संविधान निर्माण हुनुपर्छ भन्ने हामी सुरुदेखि भन्दै आएका थियौं । त्यसका लागि मधेशले आन्दोलनपनि गरेको थियो । संविधान अपुरो, अधुरो हो र यसलाई संसोधन गर्नुपर्छ भन्ने समग्र मधेशको माग जायज छ भन्ने कुरा अहिले पुष्टि भएको छ ।

बेलाबेलामा पनि हामी संशोधनका लागि ध्यानाकर्षण गराउँदै गयौं तर पनि संविधान संसोधन गरिएन । त्यसकारण हामीले अहिले पनि संविधानका जे कमी कमजोरीहरु छन् त्यसलाई संसोधन गरेर जनताको भावना अनुसार, संघीयताको मर्म अनुसार, समावेसी लोकतन्त्रको सिद्धान्त अनुसार सुधार गरिनुपर्छ भन्दै आएका छौं । जो उपलब्धिहरु छन् जस्तो समाबेशीता, धर्मनिरपेक्षता, लोकतन्त्र, गणतन्त्र यसको रक्षाका लागि हामीले संघर्ष गर्नुपर्छ । यही संविधानका कमीलाई सुधार्ने र प्राप्त उपलब्धिलाई रक्षा गर्नका लागि हामी अहिले निरन्तर रुपमा संघर्षमा छौँ र हामीलाई आशा छ यो संसद पुनर्स्थापना भएपछि यी संशोधनका प्रक्रियाहरु अगाडि बढ्ने छ ।

*(यादव जसपाका केन्द्रीय कार्यकारिणी समिति सदस्य हुन् ।)*

> संघीयता मुलुकमा भएपछि पूर्णरुपमा संस्थागत हुन सकेको छैन । प्रदेश सरकारहरुलाई दिनुपर्ने अधिकारहरु हस्तान्तरण गरिएको छैन । विभिन्न कानूनहरु निर्माण गरी मुलुकमा स्थायित्व स्थापित गर्नुपर्ने ठाउँमा पार्टीभित्रको आन्तरिक कलहका कारण मुलुकलाई झन् अनिर्णयको बन्दी बनाइएको छ । लोकतान्त्रिक मुलुकमा तानाशाही, निरंकुश प्रवृत्तिको जसरी प्रदर्शन गरियो यसले मुलुकलाई हित गरेको छैन । आज मुलुक अस्थिरतातर्फ जाने सम्भावना बढेको छ ।

# उवासंघको साधारणसभामा संचारकर्मीसहित व्यापारी सम्मानित

**रञ्जन भण्डारी**

महोत्तरी । जलेश्वर उद्योग वाणिज्य संघले २५ औ साधारण सभा शनिवार सम्पन्न गरेको छ । लामो समय देखि साधारण सभा गराउन नसकेर स्थानीय व्यापारीहरुले आलोचना गर्ने गरेकोमा अन्ततः जलेश्वर उद्योग वाणिज्य संघले साधारण सभा सम्पन्न गर्न सकेको हो ।

एउटै कार्यकाल लामो समयसम्म चलिरहदा व्यापारीहरुको व्यापक आलोचना र गुनासो हुदै आएकोमा अव भने जलेश्वर उद्योग वाणिज्य संघले नयाँ कार्यसमिति पाउने पक्का पक्की भएको छ । पौष २६ गते नोमिनेशन र माघ ३ गने निर्वाचन मिति तोकिएकोमा साधारण सभा सम्पन्न भए लगतै निर्वाचनको बाटो खुलेको हो । संघका वर्तमान अध्यक्ष कृपा शंकर साहको अध्यक्षता,जलेश्वर नगरपालिका मेयर रामशंकर मिश्रको प्रमुख आतिथ्य र नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य विजय कुमार साहको विशेष आतिथ्यमा साधारण सभाको खुल्ला सत्र सम्पन्न गर्दै अध्यक्ष साहले आफ्नो कार्यकालमा जलेश्वरको व्यापार व्यवासय वढाउन तथा



व्यापारीहरुको हकहितको लागि विभिन्न कामहरु गरेको वताउदै भुलवस नचाहदा नचाहदै कुनै व्यवसायी वा संघमा आवद्ध कसैको चित्त दुखेमा क्षमा गर्दै संघलाई थप उर्जाका साथ व्यापारीहरुको हकहितमा अगाडी वढाउन आग्रह गरे ।

उनले एउटा चटाई(भुईमा ओछ्याउने ओछ्यान)मा वसेर सुरु भएको संघ आज आफ्नै भवनमा रहेर साधारण सभा समेत यसैमा गर्न सक्नु उपलब्धी रहेको वताए । यता जलेश्वर नगरपालिकाका मेयर मिश्रले संघलाई थप भवन निर्माणको लागि नगरपालिकाबाट १५ लाख आर्थिक सहयोग गर्ने बताए ।

उनले सहज वातावरणमा संघको निर्वाचन सम्पन्न गरि यहाको व्यापार व्यवसायलाई उचाईमा पुर्‍याउन सवैको सहयोग अपरिहार्य रहेको बताए । उनले जलेश्वर नगरपालिकाले सदैव यहाको व्यापार व्यवसायको उत्थान र विकासमा सहयोगी भुमिका निर्वाह गरिरह्ने वताए ।

**पत्रकारिता पुरस्कारबाट भण्डारी सम्मानित**

जलेश्वर उद्योग वाणिज्य संघले २५ औ साधारण सभामा पत्रकारिता पुरस्कारबाट जलेश्वरका वरिष्ट पत्रकार दशरथ भण्डारीलाई सम्मानित तथा पुरस्कृत गरेको छ ।

पत्रकारितामा आफ्नो जिवनको लामो समय खर्चेका भण्डारी नेपाल पत्रकार महासंघको संस्थापक सचिव तथा पुर्व अध्यक्ष रहि सकेका छन् । जलेश्वरबाट प्रकाशित हुने भूमि साप्ताहिक र महोत्तरी टाईम्स दैनिकका प्रकाशक तथा प्रधान सम्पादक समेत रहेका भण्डारीलाई महोत्तरीका नव पत्रकारहरुले महोत्तरी पत्रकारिताको पिता भनेर सम्बोधन गर्ने गरेका छन् ।

अझै पत्रकारितामा सकृय भण्डारीलाई महोत्तरीको पत्रकारिताको विकासमा उल्लेख्य भुमिका निर्वाह गरेको र आफ्नो सम्पुर्ण जिवन नै पत्रकारितामा समर्पित गरेको भनि जलेश्वर उद्योग वाणिज्य संघले उनलाई सम्मानित तथा पुरस्कृत गरेको हो ।

वरिष्ट पत्रकार भण्डारीले वि.सं. २०३५ सालमा काठमाडौंबाट प्रकाशित हुने नवरस साप्ताहिकबाट सुरु गरेको आफ्नो पत्रकारिता यात्रा अझै नथाकी निरन्तर सकृय छन ।

वयोवृद्ध व्यापारी समेत सम्मानित :

यता उद्योग वाणिज्य संघले लामो समय देखि जलेश्वरको व्यापार व्यवसायमा उल्लेख्य योगदान पुर्‍याएका वयोवृद्ध व्यापारीहरुलाई समेत सम्मानित गरेको छ । सम्मानित हुनेहरुमा योगन्द्र साह,राजकिशोर(नव्वा ) साह,पशुपतिनाथ गुप्ता,ईन्द्रराज प्रसाद सिंह,वैजनाथ साह र सिमा देवी रहेका छन् ।

## मधेश अपडेट

### मुलुक दुर्घटनातर्फ धकेले : वरिष्ठ नेता महतो

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकलाई दुर्घटनातर्फ धकेलेको आरोप लगाएका छन् । जनता समाजवादी पार्टीले सोमबार जनकपुरधाममा आयोजना गरेको विशाल जनप्रदर्शन तथा तथा विरोधसभामा बोल्दै नेता महतोले यस्तो बताएका हुन् । उनले प्रधानमन्त्री केपी शर्मा ओलीले जनताद्वारा चुनिएको प्रतिनिधिसभालाई बिचमै हत्या गरेर देशलाई दुर्घटना तर्फ धकेलेको आरोप लगाए । उनले भने, 'प्रतिनिधिसभा विघटन संसदीय लोकतन्त्र र संवैधानिक व्यवस्थामाथीको गम्भीर प्रहार हो । संविधानलाई टेकेर बनेको सर्वोच्च संस्था प्रतिनिधिसभालाई ओलीले आफ्नो कुर्सी बचाउनका लागि अकालमा हत्या गरेका छन् । अमेरिकामा २०० वर्ष र भारतमा ७० वर्षदेखि एउटै संविधान छ तर, हाम्रो देशमा ७/७ वटा संविधान बनिसकेपनि मधेशी जनता आफ्नो अधिकार पाउनबाट बञ्चित छन् ।' नेता महतोले संविधानमा उल्लेख नै नरहेपनि ओलीले मनोमानी ढंगले संसद विघटन गरेको आरोप लगाउँदै ओलीतन्त्रको मतलव मनपरीतन्त्र रहेको दावी गरे । उनले भने,'मधेशी जनताको छातीमा गोली हानेर काँग्रेस, एमाले र माओवादीले संविधान निर्माण गरेपनि अहिलेसम्म मधेशी जनता अधिकार पाउनबाट बञ्चित छन् । जुन दिन मधेशी जनताको छाती माथि गोली चलाएर संविधान निर्माण गरियो देशमा त्यसैदिन प्रतिगमन भइसकेको थियो ।' विरोधसभामा जसपाका नेता शरत् सिंह भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओली जनताको दुश्मन रहेको आरोप लगाए । उनले ओलीले संसद विघटन गरेर देशमा राजनीतिक वितण्डा मचाएको धारणा राखे । आफुहरु चुनावको पक्षमा नरहेको बताउँदै नेत भण्डारीले सर्वोच्च अदालतले संसद पुनर्स्थापना नगरि चुनावमा जाने निर्णय गरे त्यो देश र जनताका लागि नजिर बन्ने जिकिर गरे । कार्यक्रममा जसपाका नेताहरु रेणु कुमारी यादव, वृषेश चन्द्र लाल, उमाकान्त झा, जितेन्द्र सोनललगायतका नेताहरुले समेत आ-आफ्नो धारणा राखेका थिए ।

### सीमा नाका चाँडै खुल्छ : उपप्रम पोखरेल

बारा । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले कोभिड-१९ले लामो समयदेखि बन्द रहेको नेपाल-भारत सीमा नाका चाँडै खोलिने बताएका छन् । बाराको कलैयामा सोमबार आयोजित नेकपा ओली समूहको सभालाई सम्बोधन गर्दै उनले भने,'सीमा नाका बन्दले मधेशमा विवाह, गाडी आउजाउ, किनमेललगायतको समस्या र चिन्ता छ, यसलाई म यहाँबाट जाने बित्तिकै प्रधानमन्त्रीलाई कुरा गरेर सीमा नाका खुलाउँछु ।' पोखरेलले सीमा नाका खेलाउन सोमबारै गृह सचिवसित आफूले कुरा गरेको उनले पनि बताए । सीमा खोलिँदा सचेतना भने कायम राख्न उनले आग्रह गरे । 'कोभिडले कुनै कर्मचारी र समुदाय नछोड्ने भएकाले सीमा नाका खुलेपनि सचेतना अपनाई राख्नुपर्छ,' उनले भने । बारा जिल्लाका सिम्रौनगढ र मटिअर्वा नाकासमेत खोलिने उनले आश्वासन दिए । सम्बोधनको क्रममा मन्त्री पोखरेलले नेकपा अध्यक्ष र प्रधानमन्त्री केपी शर्मा ओलीलाई कसैले अध्यक्ष र प्रधानमन्त्रीबाट हटाउन नसकिने बताए ।

### माछा सुपर जोनका बजेट खोइ ? : मन्त्री साह

जनकपुरधाम । प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले माछा सुपर जोनका लागि आएको बजेट कहाँ गयो भनी संघीय सरकालाई प्रश्न गरेका छन् । जिल्ला मत्स्य सहकारी संघ लिमिटेड जनकपुरका ७ औ साधारणसभामा मन्त्री साहले प्रश्न गरे-'संघीय सरकारले ल्याएको प्रधानमन्त्री कृषि आधुनिक योजना मार्फत माछा सुपर जोन का लागि आएको करोडौं बजेटको योजना कहाँ गयो ?' मन्त्री साहले माछा सुपर जोनमा करोडौंको बजेट किसानहरुलाई नदिइएकोमा दुःख व्यक्त गरे । किसानका लागि आएको प्रधानमन्त्री आधुनिक योजना सुपर जोन किसानसम्म नपुग्नु संघीय सरकारले बइमानी गरेको मन्त्री साहले बताए । प्रदेशमा माछा पालनको निकायहरुमा जनकपुरमा धेरै ठूलो मत्स्य तालिम केन्द्र रहेको र त्यो पनि संघीय सरकार मातहतमा रहेको मन्त्री साहले बताए । उनले भने,'ती तालिम केन्द्र धेरै बिघा जमिन र दर्जनौं पोखरीहरुमा सुख्खा अवस्थामा छन् । न संघ सरकारले काम गरिरहेको छ न प्रदेश सरकारलाई काम गर्न दिइरहेको छ ।' कार्यक्रममा प्रदेश २ का प्रदेश सभा सदस्य प्रमेश्वर साह लगायतले आ आफ्नो मन्तव्य राखेका थिए । कार्यक्रमको अध्यक्षता जिल्ला मत्स्य सहकारी संघ लिमिटेड जनकपुरका अध्यक्ष संजय साहले गरेका थिए ।

### डोजर चलाउँदा दलित परिवारको विचल्ली

वीरगञ्ज । नेपाल रेल्वेको जग्गामा बसोबास गर्दै आएका दलितहरुको बस्तीमा डोजर चलेपछि त्यहाँ बस्दै आएका स्थानीय विचल्लीमा परेका छन् । वीरगञ्ज महानगरपालिका वडा नम्बर २१ परवानीपुरस्थित रेल्वेको जग्गामा बस्दै आएका दलित बस्तीको १२ वटा घरमा डोजर चलेपछि उनीहरुको विचल्ली भएको हो । केही दिनअघि वडा नम्बर २१ का वडाध्यक्ष हबिब मियाँकै उपस्थितिमा रेल्वेको जग्गामा वर्षौदेखि घर बनाएर बस्दै आएका १२ परिवारको घरमा प्रशासनले डोजर चलाएको हो । पूर्वसूचना बिना वडाध्यक्ष मियाँको निर्देशनमा आफूहरुको घरमा डोजर चलाइएको पीडितले गुनासो गरेका छन् । पीडितहरुले आफूहरुलाई अन्यत्र बस्ने सुविधा हुनुपर्ने माग गर्दै बुधबार वीरगञ्जमा पत्रकार सममेलन पनि गरेका छन् । पत्रकार सम्मेलनमा उनीहरुले पूर्वाग्रही ढंगले वडाध्यक्षकै मिलेमतोमा केही घरहरुलाई मात्र भत्काएर आफूहरुलाई घर न घाटको बनाइएको गुनासो गरे । घर भत्काइएपछि जाडोको मौसममा साना नाति-नातिनी थप विचल्लीमा परेको पीडित परिवारको दुखेसो छ । वडाध्यक्षले नै डोजर चलाउन लगाएपछि आफूहरुको घरपनि डोजरले भत्काउने चिन्ताले सताउन थालेको पत्रकार सम्मेलनमा सहभागी रेल्वैकै जग्गामा बसोबास गर्दै आएका रामदेव रामले बताए । स्थानीय जनप्रतिनिधिले आफ्ना घर भत्काउने धम्की दिइरहेको उनले बताए ।

### संसद विघटन असंवैधानिक, निर्वाचन संवैधानिक

जनकपुरधाम । नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले संसद विघटन असंवैधानिक रहेपनि निर्वाचन भने संवैधानिक रहेको बताएका छन् । मंगलबार नेपाल प्रेस युनियन धनुषाले जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता निधिले संघिय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली र संविधानको रक्षाका लागि प्रतिनिधिसभा आवश्यक रहेको बताए । उनले भने,'देश, जनता, प्रणाली र संविधानका लागि प्रतिनिधिसभा प्राप्त गर्नु आवश्यक छ । त्यसका लागि दुईवटा संवैधानिक बाटो छ । सर्वोच्चद्धारा संसद पुनर्स्थापना र निर्वाचनद्धारा प्रतिनिधिसभाको गठन बाहेक अन्य कुनै विकल्प छैन् । यी दुबै विकल्प संवैधानिक छन् । अहिलेको वर्तमान परिस्थितीमा दुबै विकल्पका लागि जनता र राजनीतिक दलहरुलाई तयार हुनुपर्दछ ।' लोकतन्त्र र संविधानको रक्षाका लागि प्रतिनिधिसभा अत्यन्त आवश्यक छ,उनले भने,'जनतालाई कुनैपनि हालतमा प्रतिनिधिसभा चाहिन्छ । तर ,प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेर जनताको जनादेश एवं मतदाताको मतको अपमान गरेका छन् ।' नेता निधिले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र त्यसको सफल कार्यान्वयन नै नेपाली काँग्रेसको मुख्य एजेण्डा रहेको बताए । उपसभापति निधिले नेपाली काँग्रेसले यसअघि १४औं महाधिवेशनका लागि गरेको तयारी अहिलेलाई थाँती राखेर निर्वाचनमा लाग्नु आफ्नो पहिलो प्राथमिकतामा राखेको बताए । उनले भने,'संसद पुनर्स्थापना भए पार्टीको १४ औं महाधिवेशन पहिले हुन्छ । तर निर्वाचन पहिले भए महाधिवेशन पछि हुनेछ ।' वर्तमान परिस्थितीको समाधान प्रतिनिधिसभा रहेको जिकिर गर्दै निधिले संसद पुनर्स्थापना र निर्वाचनकै माध्यमले प्रतिनिधिसभाको स्थापना गर्नु दुबै विकल्पका लागि नेपाली काँग्रेस तयार हुनुपर्ने बताए ।

### विपन्न तथा दलितलाई कम्बल वितरण

मोरङ । मानव अधिकार तथा शान्ति समाज मोरङले ज्येष्ठ नागरिक, विपन्न तथा दलित परिवारलाई कम्बल वितरण गरेको छ । शान्ति समाज मोरङ शाखाको आयोजना र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लगायतको सहयोगमा कटहरी गाउँपालिका वडा नं. ७ का जेष्ठ नागरिक, विपन्न दलित परिवारलाई ३१५ थान कम्बल र ३५ थान सल बितरण गरिएको जनाइएको छ । बुधबार आयोजित एक कार्यक्रममा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडीले शान्ति समाजले गर्दै आएको सेवामुखी कार्यको निरन्तरता स्वरुप भविष्यमा दलित विपन्न परिवारका विद्यार्थीलाई छात्रवृत्ति दिने सोच रहेको बताए । मोरङ शाखा उपसभापति निर्मला सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रममा शान्ति समाजका केन्द्रीय सभापति उत्तम पुडासैनी, पर्सा शाखा सभापति अमर गौतम, अनुशासन समितिका संयोजक डिकप्रसाद घिमिरे लगायत जनप्रतिनिधिहरुले मन्तव्य व्यक्त गरेका थिए ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# ओलीको लक्ष्य प्रदेशसभा पनि विघटन गर्नु हो : उपेन्द्र यादव




वीरगन्ज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी ओलीको लक्ष्य प्रदेशसभा पनि विघटन गरेर संविधान नै खारेज गर्ने रहेको दाबी गरेका छन् ।

संसद विघटनविरुद्ध जसपाले वीरगन्जमा सोमबार गरेको विरोधसभालाई सम्बोधन गर्दै अध्यक्ष यादवले ओलीको अबको लक्ष्य प्रदेशसभा पनि विघटन गर्ने, देशमा संकटकाल लागु गर्ने र त्यसपछि संविधान खारेज गर्ने रहेको दाबी गरे ।

'संविधान र लोकतन्त्रको रक्षाका लागि जसपाले देशव्यापी रुपमा संघर्षमा उत्रिएको छ,' उनले भने, 'ओलीले सशस्त्र विद्रोह, जनआन्दोलन र मधेश विद्रोहको उपलब्धि संघीयता, गणतन्त्र, समावेशीता र धर्मनिरपेक्षतालाई समाप्त पार्ने षडयन्त्र गरेर संसद विघटन गरेका हुन ।'

अध्यक्ष यादवले पार्टी र सरकार चलाउन नसकेको असक्षमताका कारण होइन, ओलीले संघीयता र संविधानका उपलब्धि समाप्त पार्न पछिल्लो कदम चालेका बताए । यादवले ओली सरकारमा रहेसम्म लोकतन्त्रमाथि खतरा हुने बताए ।

सत्तामा ओली रहेसम्म लोकतन्त्रमाथि खतरा कायम रहि रहने भएकाले लोकतन्त्रको रक्षाका लागि ओलीलाई सिंहदरबारको सत्ताबाट मिल्क्याएर फाल्नु आजको आवश्यकता रहेको यादवले बताए । लोकतन्त्र र संघीयताको रक्षाका लागि भएपनि सबै लोकतान्त्रिक र परिवर्तनकारी शक्तिहरुलाई एकजुट भएर संसद पुर्नस्थापनाको लागि संघर्ष गर्न उनले अपिल गरे ।

ओलीले बैशाखमा चुनाव नगराउने ठोकुवा गर्दै यादवले चुनावको प्रलोभनमा नपर्न कांग्रेसलाई आग्रह गरे । उनले संवैधानिक नियुक्तिको भागबण्डामा परेर कांग्रेसले अहिले लोकतन्त्रको घाँटी रेट्ने काम गरिरहेको पनि आरोप लगाए ।

ओली संविधान नै खारेज गरेर तानाशाही बन्न तरखरमा रहेको बताउँदै उनले त्यो सपना पूरा हुन दिन नहुने बताए । 'सार्वभौम सत्ता सम्पन्न जनताको अधिकार कुण्ठित गर्ने अधिकार केपी ओलीलाई छैन, लोकतान्त्रिक मूल्य मान्यतालाई समाप्त पार्नका लागि प्रतिनिधिसभा भंग गरेका हुन्,' उनले भने, 'प्रदेशसभा भंग गर्ने, देशमा आपतकालिन अवस्था घोषणा गर्ने र संविधान नै खारेज गरेर देशलाई पछाडि धकेलेर तानाशाह बन्ने सोच ओलीमा देखिएको छ । त्यसलाई कदापी पूरा हुन दिनु हुँदैन ।' यादवले भने,'केपी ओलीले कम्युनिष्टको मुखौटा मात्र लगाएका हुन्, उनको असली रुप रोयलिष्ट हो ।'

विरोधसभालाई सम्बोधन गर्दै प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले आफ्नो पार्टी भित्रको झगडाको निहुँमा प्रधानमन्त्री ओलीले संसद विघटन गरेर देशलाई नै संकटको खाडलमा धकेलेको आरोप लगाए । उनले न्यायालयले संसद पुनःस्थापना गरेर संविधानको रक्षा गर्नेमा आफुहरु पूर्ण रुपमा विश्वस्त रहेको बताए ।

नेता लक्ष्मणलाल कर्णले संसद पुनःस्थापना हुने ठोकुवा गर्दै भने,'संसद पुनःस्थापना हुन्छ र अब संविधान पनि संशोधन हुन्छ ।'

# काठमाडौंमा विश्व हिन्दी दिवस मनाइयो




काठमाडौं । भारतीय राजदूतावास काठमाडौंले विश्व हिन्दी दिवस मनाएको छ । दूतावासस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रमा आइतबार विश्व हिन्दी दिवस मनाइएको छ ।

स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र हिन्दी केन्द्रीय मिशन त्रिभुवन विश्वविद्यालयद्वारा संयुक्तरुपमा आयोजना गरिएको हिन्दी दिवस कार्यक्रम दूतावासको मिशन उप-प्रमुख नमग्या खम्पाको प्रमुख आतिथ्यतामा विभिन्न कार्यक्रमहरु गरिएको थियो ।

सो कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक प्रोफेसर केदारनाथ शर्माले स्वागत मन्तव्य दिँदै अतिथिहरुलाई स्वागत गरेका थिए ।

त्यसपछि त्रिभुवन विश्वविद्यालयको कुलगीतको सुमधुर प्रस्तुतिपछि विश्वविद्यालयको हिन्दी विभागद्वारा प्रकाशित 'साहित्य लोक' विमोचन गरिएको थियो ।

सोही क्रममा त्रिभुवन विश्वविद्यालयकी हिन्दी केन्द्रीय विभागकी प्रमुख डा.संजीता वर्माले भारतका पूर्वप्रधानमन्त्री अटल बिहारी बाजपेईको कविताको रोचक प्रस्तुती गरेकी थिइन् ।

यस्तै, साहित्यकार गोपाल अश्कले 'नेपाल में हिन्दी की दशा और दिशा', उपप्राध्यापक डा.श्वेता दीप्तिले 'वैश्विक स्तर पर हिंदी' र हिन्दी केन्द्रीय विभागकी उपप्राध्यापक मञ्चला झाले 'नेपाल में हिन्दी की आवश्यकता', साहित्यकार डा.रामदयाल राकेशले 'हिन्दी के विश्वव्यापी प्रचार प्रसार' माथि धेरै नै सारगर्भित व्याख्यान दिएका थिए ।

यसैगरी, विनोद कुमार विश्वकर्मा 'विमल' ले 'त्रिभुवन विश्वविद्यालय में साहित्य और हिन्दी भाषा शिक्षण' विषयमाथि आफ्नो विचार व्यक्त गरेका थिए ।

विश्वविद्यालयको प्रतिभागीहरु रेखा यादव, संगीता ठाकुर, अंशु झा, रुचि राणा, रुपम पाठक, स्मृति श्रीवास्तव, मौसमी सिंह, मधु कुमारी, पुनम झा, डिल्लीराम शर्मा र वीणा सिन्हाले प्रेम, सहयोग, त्याग, भाषाको महत्व आदि विषयमाथि आधारित कविताहरु प्रस्तुत गरेका थिए ।

सो अवसरमा प्रमुख अतिथि मिशन उप-प्रमुख नमग्या खम्पाले सम्बोधन गर्दै भारतीय राजदूतावासको तर्फबाट शुभकामना व्यक्त गर्दै भनिन्, 'विश्व मानचित्रमा हिन्दीको प्रचार-प्रसारको दृष्टिबाट सन् २००६ देखि प्रत्येक वर्ष १० जनवरीको दिन भारत सरकारको विदेश मन्त्रालय र विदेशस्थित सबै भारतीय राजदूत आवासले विशेष कार्यक्रम आयोजना गरी भव्य रुपमा हिन्दी दिवसको आयोजना गर्दै आएको छ ।'

उनले हिन्दीलाई विश्व भाषाको रुपमा प्रतिस्थापित गर्न अनवरत आफ्नो भूमिका निर्वाह गरिरन अपेक्षासमेत व्यक्त गरिन् । कार्यक्रमको उद्घोषण त्रिभुवन विश्वविदालयकी पूर्वछात्रा मधु कुमारीले गरेकी थिइन् । कविता पाठको मञ्च सञ्चालन केन्द्रीय विद्यालयकी छात्रा ईशा अग्रवालले गरेकी थिइन् ।

कविता पाठ प्रतियोगितामा प्राथमिक वर्गमा प्रथम श्रीविद्या, द्वितीय श्रीआना र तृतीय भाविक शर्मा भएकी थिइन् । माध्यम वर्गमा प्रथम रुद्राक्ष झा, द्वितीय शान्तनु मजूमदार र तृतीय एकाग्रता र उच्चतर माध्यमिक वर्गमा प्रथम तेनजिंग भुटिया, द्वितीय अवन्ति प्रकाश र तृतीय सियना चंबयाल भएका थिए ।

प्रतियोगीहरुको कविता वाचनको मूल्यांकन त्रिभुवन विश्वविद्यालयका सहायक अध्यापक विनोद कुमार विश्वकर्मा, मौसमी तिवारी र केन्द्रीय विद्यालयका स्नातकोत्तर शिक्षक लक्ष्मी प्रसाद चौधरीले गरेका थिए ।

विजेता प्रतियोगीहरुलाई स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक प्रोफेसर केदारनाथ शर्मा र विशिष्ट अतिथि केन्द्रीय विद्यालयका प्राचार्य एपी विनोद कुमारले पुरस्कार र प्रमाणपत्र वितरण गरेका थिए । राजदूतावासको प्रेस, सूचना एवं संस्कृति विभागका प्रथम सचिव नवीन कुमारले सबैप्रति धन्यवाद ज्ञापन गरेका थिए । स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका निर्देशक प्रोफेसर केदारनाथ शर्माले कार्यक्रम समापनको घोषणा गरेका थिए ।

# शहीद पत्रकार सिंहको १२औं स्मृति दिवस मनाइयो

जनकपुरधाम । शहिद पत्रकार उमा सिंहको आज (सोमबार) १२ औं स्मृति दिवस मनाइएको छ । पत्रकार सिंहको स्मृति दिवस जनकपुरधाममा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको हो । स्वर्गीय पत्रकार सिंहको स्मृति दिवसको अवसरमा नेपाल पत्रकार महासंघ धनुषा शाखाले आज साँझ दीप प्रज्वलन गरि श्रद्धाञ्जली अर्पण गरेको छ । पत्रकार महासंघ धनुषाका अध्यक्ष अनिल मिश्रको अध्यक्षतामा आयोजित श्रद्धाञ्जली सभामा वरिष्ठ पत्रकार एवं स्वतन्त्रता सेनानी राजेश्वर नेपालीले पत्रकारिता क्षेत्रमा दिनदिनै चूनिती र जोखिमहरु बढ्दै गईरहेको बताए । उनले यस्ता जोखिमहरु बढ्दै गएपनि यसबाट पत्रकारले डराउन नहुने सुझाव समेत दिए । उनले भने,'पत्रकारिता पेशा नै चूनौतिको पेशा हो । त्यसैले यस्ता चूनौतिहरु जति आएपनि यसबाट हामीले डराउनु पर्दैन । सबै आरोह र अवरोधलाई पार गर्दै अगाडी बढ्नुपर्दछ ।' श्रद्धाञ्जली सभामा वरिष्ठ पत्रकार बिएम खनाल, नेपाल पत्रकार महासंघ प्रदेश २ का महासचिव किरण कर्ण, पुर्व केन्द्रिय सदस्य अजय कुमार मिश्रलगायतकाहरुले आ-आफ्नो धारणा राखेका थिए । त्यस्तै क्रियाशील पत्रकार महिला धनुषाले समेत स्वर्गीय पत्रकार सिंहको स्मृति दिवसको अवसरमा जानकी मन्दिरको प्राङ्गणमा दीप प्रज्वलन गरि श्रद्धाञ्जली अर्पण गरेको थियो । यसैबिच जनकपुरधाम उपमहानगरपालिकाले समेत शहीद पत्रकार उमा सिंहको स्मृतिमा ५ लाखको अक्षयकोष स्थापना गरेको छ । नगरप्रमुख लालकिशोर साहले गत वर्ष नै स्वर्गीय पत्रकार सिंहको नाममा अक्षयकोषको स्थापना गर्ने घोषणा गरेका थिए । सिंहको स्मृति दिवसको अवसरमा उपमहानगरपालिकाले आज बिहान आयोजना गरेको श्रद्धाञ्जली सभामा मेयर साहले अक्षय कोष सञ्चालनका लागि बैंकमा रकम जम्मा गरिसकिएको जानकारी दिए । यस अक्षय कोषबाट उमा सिंहको नाममा उत्कृष्ट काम गर्ने पत्रकारलाई पत्रकारिता पुरस्कार प्रदान गर्ने उनले बताए । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोदकुमार खड्काले अक्षयकोषमा रकम जम्मा गर्न लेखाका कर्मचारीलाई ५ लाखको चेक हस्तान्तरण गरेका थिए ।

## संक्षिप्त समाचार

### पूर्व राज्यमन्त्री यादवको निधन

काठमाडौं । पूर्वराज्यमन्त्री एवम् भूमि व्यवस्थापन तथा सुकुमबासी समस्या समाधान आयोगका सदस्य दिनेशचन्द्र यादवको निधन भएको छ । काठमाडौंमा ग्राण्डी अस्पतालमा उपचारको क्रममा यादवको बिहीबार निधन भएको हो । उनी नेकपा बाँकेको इञ्चार्ज थिए । उनी पूर्व खानेपानी तथा सरसफाइ राज्यमन्त्री र संविधानसभाका सदस्यसमेत थिए । उनलाई यही पुस १२ गते कोरोना संक्रमण पुष्टि भएको थियो । भोलिपल्टै उनलाई उपचार गर्न हेलिकोप्टरबाट काठमाडौं ल्याइएको थियो । मधुमेहबाटसमेत पीडित यादवको भेन्टिलेटरमा राखेर उपचार हुँदै आएको थियो ।

### भारतीय जनरल र राजदूतबीच भेट

काठमाडौं । भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्यले भारतीय सेनाका चिफ अफ डिफेन्स स्टाफ जनरल विपिन रावतसँग भेटवार्ता गरेका छन् । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको भारत भ्रमण अघि आचार्य र रावतबीच भेट भएको हो । भेटवार्तामा उनीहरुबीच दुई पक्षीय सम्बन्धका बारेमा कुराकानी भएको बताएको छ ।

### सम्बन्ध सुधारको प्रयास : प्रधानमन्त्री

धनगढी । प्रधानमन्त्रीले केपी शर्मा ओलीले भारतसँगको सम्बन्ध सुधारको प्रयास भइरहेको बताएका छन् । उनले नेपालको भूमि सुरक्षित राखेर भारतसँग सम्बन्ध सुधार गरिने बताए । शुक्रबार धनगढीमा आयोजित आमसभामा बोल्दै लिम्पियाधुरा, लिपुलेक र कालापानी हाम्रो भएको स्पष्ट पारे । 'सुगौली सन्धीपछि पनि हामीले लिपुलेक, लिम्पियाधुरा र कालापानीको भूमि भोगचलन गरेका हौं । ५८ वर्षदेखि प्रयोग गर्न पाएका छैनौं । त्यसलाई संविधानमा समेटेका छौं,' उनले भने ।

### ब्राउनसुगर एक जना पक्राउ

कपिलवस्तु । वाणगंगा नगरपालिका-४ सिद्धिपुर होराईजन चोक बस्ने सोही नगरपालिका-३ ठाटी घर भएका ३१ वर्षीय ऋषि चौधरी ब्राउनसुगरसहित प्रक्राउ परेका छन् । चौधरीलाई करिब १ ग्राम ९ सय ५० मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगरसहित बिहीबार राति प्रहरीले पक्राउ गरेको हो । उनी बस्ने घरमा लागूऔषधको कारोबार हुदैछ भन्ने विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त परिमाणको लागूऔषध सहित चौधरीलाई फेला पारी पक्राउ गरेको हो ।

### चोरीपैठारीको सामानसहित पक्राउ

रौतहट । रौतहट जिल्लाको यमुनामाई गाउँपालिका ४ स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले करीव एक लाख ५८ हजार रुपैयाँ बराबरको चोरीपैठारीको किराना सामानसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही जिल्लाको गरुडा नगरपालिका ५ बस्ने ३७ वर्षिय झगडु राय छन् । आइतबार ना १ ज ३२९६ नम्बरको टेल्को पिकअप गाडीमा राखेर ल्याउँदै गरेको अवस्थामा रायलाई सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गण रौतहटबाट खटिएको एपीएफ टोलीले उक्त सामानसहित पक्राउ गरेको हो । त्यसवेला एपीएफ टोलीले सामान ल्याउन प्रयोग भएको सो गाडी समेत बरामद गरेको छ । पक्राउ परेका रायलाई बरामद सामान तथा गाडीसहित आवश्यक कारवाहीको लागि भन्सार कार्यालय गौरमा बुझाइएको छ ।

### लागूऔषध तथा नगदसहित दुई जना पक्राउ

कपिलवस्तु । बाणगंगा न.पा. ६ सुठौलीबाट करिब १ ग्राम १ सय ५० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ र नगद ६६ हजार ६ सय ३५ रुपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो पक्राउ पर्नेहरुमा सोही नगरपालिका-४ बस्ने ४२ वर्षीय पारस बिक र उनकै श्रीमती ३७ वर्षीया आरती बिक रहेका छन् । लु.५ प ५६८६ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय कोपवाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ र नगद सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### ट्याक्टरको ठक्करबाट साइकलयात्रीको मृत्यु

कैलाली । टीकापुर नगरपालिका-१ लम्कीपुलस्थित सडकमा भे.१ त ५५०६ नम्बरको ट्याक्टरको ठक्करबाट साइकलयात्री सोही ठाउँस्थित बनगाउँ बस्ने ३७ वर्षीया सरुपा तिवारी जैशीको आइतबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको टीकापुर अस्पताल हुँदै कोहलपुर मेडिकल कलेज बाँकेमा थप उपचारको क्रममा मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनास्थलमा तत्काल खटिएको स्थानिय प्रहरीले आवश्यक उद्दार कार्य गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### मोटोको ढिस्कोमा पुरिएर किशोरको मृत्यु

कैलाली । जिल्लाको घोडाघोडी नगरपालिकामा माटोको ढिस्कोले पुरिएर एक किशोरको मृत्यु भएको छ । घोडाघोडी नगरपालिका-११ भलुवामा मोटो खन्ने क्रममा ढिस्कोमा पुरिएर सोही नगरपालिका-१० तुलसीपुर बस्ने १७ वर्षीय अशोक धामीको आइतबार दिउँसो मृत्यु भएको छ । माटो खन्ने क्रममा धामी ढिस्कोमा पुरिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी पहलमानपुर, ईलाका प्रहरी कार्यालय सुखड, सशस्त्र प्रहरी बल र स्थानीयबासिन्दाको सहयोगमा माटो खनी खोजी गर्ने क्रममा उनको शव फेला परेको हो ।

### धनुषामा 'जनतान्त्रिक महिला संघ' गठन

जनकपुरधाम । डा.मनोज मुक्ति विवेक नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चाको भ्रातृ संगठनको रुपमा धनुषामा 'जनतान्त्रिक महिला संघ' गठन भएको छ । जनकपुरधाममा भएको भेलाले कविता यादवको संयोजकत्वमा २५ सदस्यीय जनतान्त्रिक महिला संघ जिल्ला तदर्थ समिति गठन भएको हो । महिला जनतान्त्रिक संघमा रिना साह, निभा साह, ममता दास, संध्या दास, संध्या पटेल, निरन कुमारी यादव, सनम बस्नेत, आरती यादव, रुवी कुमारी यादव, राखी पासवान, पुजा दास लगायतका सदस्यहरु छन् ।

### आगलागीबाट लाखौंको धनमाल नष्ट

रौतहट । गौर नगरपालिका-८ पुरेनवा बस्ने तेजनारायण कुँवरको घरमा ग्याँस सिलिण्डर लिक भई आगलागी हुँदा लाखौंको धनमाल नष्ट भएको छ । आइतबार बिहान आगलागी हुँदा घरभित्र रहेका लत्ताकपडा, खाद्यन्न र फर्निचर लगायतका सामान जलेर करिब ४ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । आगलागीमा परी उनकी छोरी १७ वर्षीया रोशनी कुमारी सिंह सामान्य घाइते भएकी छन् । स्थानीयबासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-१ वसन्तपुरमा लु.१० प ७४३९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । मंगलबार साँझ भएको दुर्घटनामा मोटरसाइकल चालक सोही नगरपालिका-२ गोरुसिंगे थारुगाउँ बस्ने २८ वर्षीय सुरेन्द्र थारु र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २६ वर्षीय टिकाराम थारुको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका सुरेन्द्रको जिल्ला अस्पताल तौलिहवामा र टिकारामको मर्सिसिटी अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

### होटलमा एक जना मृत फेला

रुपन्देही । सिद्धार्थनगर नगरपालिका-१ वेलहीया बसपार्कस्थित तनहुँ होटलको कोठा नम्बर ११२ मा एक जना मृत फेला परेका छन् । गुल्मी रुरु गाउँपालिका-२ अस्लेवा बस्ने ६० वर्षीय टोप सिंह कुँवर सोमबार मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

### बसमा युवक मृत फेला

मोरङ । बिराटनगर महानगरपालिका-११ स्थित बस पार्कमा काकरभिट्टाबाट आएको मे.१ ख ३३३३ नम्बरको बसमा झापा केर्खा बस्ने २५ वर्षीय राज कुमार थापा आइतबार मृत अवस्थामा फेला परेका छन् ।

# नेपाल–भारत सीमामा एकीकृत भन्सार जााचचौकी निर्माण शुरु

नेपालगञ्ज । झण्डै १० वर्षको प्रतीक्षापछि बाँके जिल्लाको नेपाल-भारत सीमा क्षेत्रमा एकीकृत भन्सार जाँचचौकीको निर्माण कार्य शुरु भएको छ ।

भारतीय सिमानासँग जोडिएको बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१६ जयसपुरमा उक्त चौकीको निर्माण हुन लागेको छ । भारततर्फ भवन निर्माणको काम २५ प्रतिशत सम्पन्न भएको छ भने नेपालतर्फ जग खन्ने र बाटो बनाउने काम भइरहेको छ ।

निर्माणअन्तर्गत अहिले पूर्वाधार निर्माणका लागि कामदार र डोजर, टिपर २४ सैं घण्टा सञ्चालन भइरहेका छन् । भारत र नेपालबीच भएको सम्झौताबमोजिम बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१६ जयसपुरमा एकीकृत भन्सार जाँचचौकी बन्न लागेको हो । जाँचचौकी निर्माणका लागि नेपाल सरकारले झण्डै ९१ बिघा जमीन अधिग्रहण गरिसकेको छ । अधिग्रहण गरिएको कूल जग्गामध्ये ६७ बिघामा भारत सरकारले कार्यालय, गोदामलगायतका संरचना निर्माण गर्ने र बाँकी २४ विगाहा जग्गा बाटोका लागि छुट्याइएको छ ।

सो जाँचचौकी निर्माण भएमा नेपालगञ्ज भन्सार कार्यालयबाट हुने सेवा प्रवाह व्यवस्थित हुने र यसको प्रत्यक्ष लाभ मुलुककै अर्थतन्त्रमा पर्ने यस क्षेत्रका उद्योगी, व्यापारीको बुझाइ छ । जाँचचौकीमा मालसामान आयात(निर्यातका लागि आवश्यक पर्ने सबै कार्यालय स्थापना हुने नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा धवलशम्शेर राणाले बताए । नेपालका लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका जिल्लामा अहिले उद्योग, व्यापार बढदै गएको अवस्थालाई दृष्टिगत गरी भारत र नेपालको आयात(निर्यातलाई सहज व्यवस्थापन गर्न निर्माण हुन लागेको एकीकृत भन्सार जाँचचौकी कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ ।

आयोजना कार्यान्वयन एकाइ नेपालगञ्जका इञ्जिनीयर होमनाथ भुसालका अनुसार, नेपालले सुरक्षाकर्मीका लागि केही संरचना निर्माण गर्ने दुई मुलुकबीचको सम्झौतामा उल्लेख गरिएको छ । जाँचचौकी निर्माणका लागि नेपाल सरकारले जग्गा मात्र उपलब्ध गराउने र अन्य काम भारत सरकारको तर्फबाट हुने सम्झौता भएको जनाइएको छ । इञ्जिनीयर भुसालले जाँचचौकी निर्माणका लागि झण्डै रु एक अर्ब ३६ करोड (भारतीय रुपैयाँ) छुट्याइएको छ । आवश्यकताअनुसार रकममा थपघट हुनसक्ने उनले बताए ।


## नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

### यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


# 'बागमती प्रदेश सरकार र डब्लुएचओ नेपालले विभेद गरे'




काठमाडौं । जातीय विभेद, उत्पीडन र अन्याय गरी षड्यन्त्रमुलक तरीकाले डब्लुएचओका कर्मचारी राजकुमार महतोलाई जागीरबाट हटाएका बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र डब्लुएचओ नेपालले जातीय विभेदको अर्को नमुना प्रस्तुत गरेका छन् ।

सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकारले आफुले स्थायी र छात्रवृति करार तर्फका कर्मचारीहरु पदपूर्ति गरिसकेकोले डब्लुएचओका पूर्वकर्मचारी राजकुमार महतोको आवश्यकता नरहेको भन्दै सचिवस्तरीय निर्णय गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्रचार गरेको थियो ।

सामाजिक विकास मन्त्रालय तथा मातहतका स्वास्थ्य निकायमा प्रयाप्त कर्मचारी पदपूर्ति गरिसकेको र मन्त्रालय आफै सक्षम रहेको भन्दै पूर्व डब्लुएचओ कर्मचारी राज कुमार महतोलाई जागीरबाट हटाएको थियो ।

महतोलाई जागीरबाट हटाएको पांच महिना नपुग्दै डब्लूएचओ नेपालले एसआरएचआर अफिसरको रुपमा निल धिताल लाई भर्ना गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयमा रही बागमती प्रदेशमा प्राविधिक सहयोग गर्न डिसेम्बर २०१९ मा खटाएको छ ।

महतोलाई जागीरबाट हटाउन सामाजिक विकास मन्त्रालयले आफुले पर्याप्त कर्मचारी पदपुर्ति गरि सकेको र अब डब्लुएचओको कर्मचारीले गर्ने कार्य मन्त्रालयका कर्मचारीले गर्ने भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्राचार गरेको थिए ।

तर केही महिनामै सोही सामाजिक विकास मन्त्रालयले आफनो निर्णय उल्ट्याउदै डब्लुएचओ नेपालका नयां कर्मचारी निल धिताललाई आफनो स्वास्थ्य निर्देशनालयमा स्थान दिएको छ । यी विभेदपुर्ण र समुदाय अनुसारको फरक चरीत्रले सामाजिक विकास मन्त्रालय र डब्लुएचओ नेपाल पूर्ण रुपमा जातीय विभेद गर्ने संस्था रहेको प्रमाण आफैले दिएको छ ।

नेपालको संविधानको प्रस्तावना र धारा २४ मा मौलिक हकको रुपमा प्रावधान गरीएको छुवाछुत र भेदभाव विरुद्धको हकको बुंदा ४ र धारा ३३ को रोजगारीको हकमा आधात पुग्ने गरी सामाजिक विकास मन्त्रालय र त्यहां कार्यरत सतिश विष्ट तथा डब्लुएचओले राज कुमार महतोलाई जातीय विभेद, उत्पीडन र अन्याय गरी जागीरबाट हटाउने कार्यको विरुद्ध महतोले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) नेपालका पूर्वकर्मचारी राज कुमार महतोलाई कार्यस्थलमा जातीय विभेद, उत्पीडन र अन्याय गरी जागीरबाट निकाल्ने कार्य गरेकोले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, बागमती प्रदेश सरकार अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सामाजिक विकास मन्त्रालय र वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्टलाई सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ ।

नेपालको संविधानको प्रस्तावना र धारा २४ मा मौलिक हकको रुपमा प्रावधान गरीएको छुवाछुत र भेदभाव विरुद्धको हकको बुंदा (४) मा जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन भन्ने उल्लेख छ ।

सो मर्म विपरीत सतिश विष्टजीले प्रदेश सरकारको जिम्मेवार तथा उच्च पदस्थ भएर पनि मेरो रङ्ग र जातीको आधारमा मलाई मानसिक यातना, कार्यस्थल उत्पीडन, जातीय विभेद गर्नुभएको मेरो बुझाई छ, महतोले बताए ।

नेपालको संविधानको धारा १८ समानताको हक अनुरुप म मधेशी समुदायको रहेकोले मलाई सकारात्मक संरक्षण, सशक्तिकरण र विकास गर्नुको साटो मलाई निरन्तर उत्पीडन गर्नुभई आफनो पद र अख्तियारीको दुरुपयोग गर्नु भएको छ, महतोले जनाए । नेपालको विभिन्नकानुनहरुमा र मुलुकी संहिता समेतमाजातीयविभेद गर्न पाईदैन भन्ने व्यवस्था गरीएको छ ।

महतोले भने, 'आईएलओ कन्भेन्सन जसमा नेपालले हस्ताक्षर र अनुमोदन गरेको छ, त्यस कन्भेन्सनमा प्रावधान गरिएको व्यवस्था विरुद्ध पनि सतिश विष्टजीले मलाई जातीय विभेद गरी षडयन्त्रमुलक तरीकाले कोविड १९ महामारी र आर्थिक संकटको बेला मानवीय पक्षलाई बिर्सेर मेरो जागीर समाप्त पार्ने गलत कार्य गर्नु भएको छ ।'

# जनकपुर–जयनगर रेल चलाउन जनशक्ति आपूर्ति प्रस्ताव

काठमाडौं । भारतको कोङ्कर्ण रेल्वे कर्पोरेसनले जनकपुर-जयनगर रेल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति आपूर्तिका साथै रेल सञ्चालनको व्यवस्थापनको प्रस्ताव पठाएको छ ।

नेपालको रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले जनकपुर-जयनगर रेल सञ्चालनका लागि नेपालले माग गरे अनुसारको तत्काल आवश्यक पर्ने प्राविधिक कर्मचारीको आपूर्तिका साथै रेल सञ्चालनको समग्र व्यवस्थापनका लागि सो कर्पोरेसनले प्रस्ताव गरेको जानकारी दिए ।

"रेल्वे कम्पनीलाई प्राप्त भएको भारतीय प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाइसकिएको छ, अहिले प्रस्तावमाथि मन्त्रालय स्तरीय छलफल भइरहेको छ" महाप्रबन्धक भट्टराईले स्पष्ट पारे । उक्त प्रस्तावमाथि छलफल गरी अन्तिम स्वीकृतिका लागि यसै हप्ता मन्त्रिपरिषदमा पेस गरिने उनको भनाइ छ । भारतको प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्न रेल्वे कम्पनीको सञ्चालक समितिले समेत निर्णय गरिसकेको उनले जनाए ।

नेपाल पठाउनका लागि रेल्वे कर्मचारी तयारी अवस्थामा राखिएको जनाइएको छ । मन्त्रिपरिषद्को स्वीकृति प्राप्त हुने बित्तिकै भारतसँग सम्झौता गरी त्यहाँका कर्मचारी बोलाएर कर्मचारीलाई तालिम दिने योजना छ । उनले थपे, "करिब दुई हप्ता तालिमको काम हुन्छ र त्यसपछि उक्त रेल सेवाको विधिवत् रूपमा उद्घाटन गरिनेछ ।"

# भारतमा स्वीकृत भएको खोप नेपालका लागि सहज

काठमाडौं । भारतले आपत्कालीन प्रयोगको मान्यता दिएको कोभिड-१९ विरुद्धका खोप कोभिसिल्ड र कोभ्याक्सिन नेपालका लागि समेत सहज हुने देखिएको छ । तिनलाई कोभाक्स सुविधाबाट सहुलियत दरमा प्राप्त हुने भनिएको खोपभन्दा छिटो ल्याउन पहल सुरु भइसकेको स्वास्थ्य मन्त्रालयका अधिकारीले बताएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार खोपको सहज उपलब्धताका लागि भारत र नेपालबीच उच्चस्तरीय संवाद जारी छ । कोभिड खोप सल्लाहकार समितिका संयोजक तथा बाल स्वास्थ्य महाशाखाका पूर्वनिर्देशक डा. श्यामराज उप्रेतीले पनि खोप ल्याउन नेपाल सरकारले भारतसँग गम्भीर कुरा गरेको जानकारी दिए । उनले खोप छिटो ल्याउन सिरम इन्स्टिच्युट अफ इन्डिया, भारत बायोटेक र भारत सरकारसँग कुरा भएको बताए । पूर्वाधारका दृष्टि नेपालका लागि २ देखि ८ डिग्री सेल्सियस तापक्रममा भण्डारण गर्न सकिने खोप उपयुक्त देखिएको छ । कोभिसिल्ड र कोभ्याक्सिन दुवै नेपालको राष्ट्रिय खोप कार्यक्रमको कोल्ड चेन अनुकूल छन् । स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले खोपका लागि भारतले सहयोग गर्ने प्रतिबद्धता जनाइरहेको बताए । सरकारले खोप उपलब्धताका लागि भारतलगायतका मुलुकहरूमा पहिल्यै कूटनीतिक नोटसमेत पठाइसकेको छ ।


## नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

### यसबाट बच्ने उपायहरु :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतमा माघ ३ गतेदेखि कोरोना खोप




नयाँदिल्ली । भारत सरकारले आगामी ३ माघदेखि खोप अभियान सुरु गर्ने भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा कोभिड १९ महामारीको पछिल्लो अवस्थाबारे समीक्षा गर्न बसेको उच्च सरकारी अधिकारीसहितको बैठकले उक्त निर्णय लिएको हो ।

भारत सरकारले आगामी जुलाईसम्म ३० करोडलाई खोप लगाउने घोषणा पहिले नै गरिसकेको छ । जसअन्तर्गत पहिलो चरणमा भने कोरोना भाइरसविरुद्धको खोप देशभरि नै निःशुल्क उपलब्ध हुने जनाइएको छ । त्यही पहिलो चरणको खोप अभियानको सुरुआत ३ माघदेखि गर्न लागिएको हो ।

पहिलो चरणमा तीन करोड स्वास्थ्यकर्मी तथा कोभिड महामारीविरुद्ध अग्रमोर्चामा खटिएकाहरुलाई कोरोना खोप लगाइने भएको छ । त्यसपछि ५० वर्षभन्दा बढी उमेरका र जटिल स्वास्थ्य भएकाहरु गरी करिब २७ करोडलाई खोप लगाउने योजना रहेको छ ।

भारतीय सूचना ब्यूरोका अनुसार बैठकमा खोप अभियानका लाागि गरिएको पूर्वतयारीको समेत समीक्षा भएको थियो । यसअघि खोप अभियानको पूर्व तयारीस्वरुप तीन चरणमा गरेर ड्राइ रन गरिसकेको छ । खोप अभियानका तयारीको यथार्थ अवस्था थाहा पाउन उक्त ड्राइ रन चलाइएको थियो । ड्राइ रन सफल भएपछि भारत सरकारले खोप अभियान सञ्चालन गर्ने निर्णय गरेको हो । त्यसैगरी खोप अभियानका लागि भनेर करिब सवा ६ लाख जनालाई तालिम दिइएको छ । अनलाइनमार्फत खोप अभियानमा सहभागी हुन सर्वसाधारणलाई आह्वान समेत गरिएको छ । जसअन्तर्गत हालसम्म ७९ लाखजना दर्ता भइसकेको ब्यूरोले जनाएको छ ।

भारत सरकारले केही दिनअघि मात्र भारतमा उत्पादन भइरहेको कोभिशिल्ड र कोभ्याक्सिन खोपलाई आपतकालीन अनुमति दिने निर्णय गरेको थियो । कोभिशिल्डको विकास अक्सफोर्ड विश्वविद्यालय र अस्ट्राजेनेकाले गरेको हो भने कोभ्याक्सिन भने भारतकै भारत बायोटेक र भारतीय औषधि अनुसन्धान परिषद्को साझेदारीमा विकास गरिएको हो । कोभिशिल्डको उत्पादक पुनाको सेरम इन्स्टिट्यूट अफ इण्डिया( एसआईआई) हो भने कोभ्याक्सिन भने हैदरावादको भारत बायोटेकले नै उत्पादन गरिरहेको छ ।

# भारतमा कृषि कानुनलाई रोक लगाउन सर्वोच्चको आदेश

काठमाडौं । भारतको सर्वोच्च अदालतले सरकारद्वारा ल्याइएको कृषि कानुनलाई रोक लगाउने आदेश दिएको छ ।

नरेन्द्र मोदी नेतृत्वको केन्द्र सरकारले ल्याएका तीन वटा कृषि कानुनविरुद्ध परेको रिटको सुनुवाइपछि प्रधानन्यायाधीश एसए बोब्डे, न्यायाधीशहरू एएस बोपना र भी रामासुब्रमण्यमको संयुक्त इजालसले आदेश नभएसम्मका लागि ती कानुनलाई निलम्बन गर्ने फैसला सुनाएको हो ।

त्यसैगरी अदालतले आन्दोलनरत पक्षसँग वार्ता गर्नका लागि एउटा कमिटी बनाउन पनि सिफारिस गरेको छ । अदालत आफैले कृषि अर्थशास्त्री अशोक गुलाटी, हर्सिम्रत मान र प्रमोद जोशीलाई उक्त कमिटिका लागि सिफारिस गरेको छ । उक्त समितिले आन्दोलनरत किसानहरुसँग वार्ता गरेर रिपोर्ट तयार पार्नेछ । प्रधानन्याधीश बोब्डेले सोमबारको सुनुवाइमै समस्या समाधानका लागि वार्ताको सहज वातावरण बनाउन समितिको सिफारिस गर्ने बताएका थिए । उनले जिउधनको सम्भावित क्षति रोक्नका लागि समितिको प्रस्ताव पेस गरेको जनाएका थिए ।

यसअघि सोमबार अदालतले केन्द्र सरकारलाई आन्दोलनरत किसानहरुसँग हालसम्मको छलफलबाट निराश बनेको र परिस्थिति बिग्रँदै गएका कारण विवादास्पद तीनवटा कृषि कानुन तत्काल स्थगन नगरे आफूले रोक्ने चेतावनीसमेत दिएको थियो । अदालतले किसान आन्दोलनप्रति सरकारले देखाएको व्यवहारप्रति असन्तुष्टिसमेत प्रकट गरेको थियो

सरकारले ल्याएको तीन वटा नयाँ कृषि कानुनको विरोधमा विभिन्न राज्यका किसानहरु विगत पाँच महिनादेखि आन्दोलन गर्दै आएका छन् । सरकारले ल्याएको नयाँ कृषि कानुन खारेज हुनुपर्ने र कृषि उपजको न्यूनतम समर्थन मूल्य(एमएसपी) निर्धारण गर्नुपर्ने उनीहरुको माग छ । सरकारले बेवास्ता गरेपछि गत ११ मंसिरदेखि पञ्जाब, राजस्थान, हरियाणालगायतका राज्यबाट आएका किसानहरु दिल्लीको सीमामा धर्ना दिएर बसेका छन् । यस अवधिमा हृदयघात, आत्महत्यालगायतका कारण चालीसभन्दा किसानहरुको ज्यान गइसकेको छ । सरकारले भने नयाँ कानुनले किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउने भन्दै बचाउ गर्दै आएको छ । कृषि कानुनको विषयलाई लिएर आन्दोलतरत पक्ष र सरकारबीच आठ पटक वार्ता भए पनि कुनै सहमति जुट्न सकेको छैन । अर्को वार्ताको मिति २ माघलाई निर्धारण गरिएको छ ।

किसानहरुले २६ जनवरी अर्थात् भारतको गणतन्त्र दिवसको दिन दिल्लीसम्म ट्याक्टर ¥याली गर्ने चेतावनीसमेत दिएका छन् ।

# भत्काइएको हिन्दू मन्दिरलाई पुनः निर्माण गर्न पाकिस्तानी सर्वोच्चको आदेश

काठमाडौं । पाकिस्तानका सर्वोच्च अदालतले मुस्लिम समूदायद्वारा पछिल्लो साता भत्काइएको हिन्दू मन्दिरलाई पुनः निर्माण गर्न आदेश जारी गरेको छ । मंगलबार पाकिस्तानको राजधानीमा रहेका सर्वोच्च अदालतका प्रधानन्यायधिश गुलजार अहमदको इजलासले श्री परम्हंश जी महाराजको हिन्दू मन्दिरलाई पुनः निर्माण गर्न आदेश दिएका हुन् ।

प्रधानन्यायाधीशले उक्त घटनालाई घटाउने स्थानीय नेतालाई कारवाही गर्ने समेत आदेश दिएका हुन् । ३० डिसेम्बरमा कराक जिल्ला स्थीत रहेको हिन्दू मन्दिर भत्काउन हजारौंको संख्यामा मुस्लिम जमात ओर्लिएको थियो । ओर्लिएको जमातले मन्दिरलाई भत्काएको र पछि आगो लगाएको भिडियोको आधारमा अदालत मन्दिरलाई पुनः निर्माण गर्न आदेश जारी गरेको हो ।

मन्दिर सन् १९२० मा बनाइएको थियो । र, केही विवादका कारण मन्दिर बन्द अवस्थामा रहेको थियो । सो मन्दिर अदालतको आदेशानुसार सन् २०१५ मा खुल्ला गरिएको थियो । पाकिस्तानमा ३५ लाख हिन्दू समूदायका वासीहरु बसोवास गर्ने गर्छन् । समुदायलाई लिए विवाद सिर्जना गर्ने प्रति पाकिस्तान सरकार शख्त रहेको जनाइएको छ । कुनै पनि पवित्र स्थलको उति नै महत्व रहेको कारण सो मन्दिरलाई पुनः निर्माण गर्न आदेश जारी गरिएको छ । उक्त विषयमा सर्वोच्चले अगामी सुनवाई जनवरी १९ मा गर्ने छ । मन्दिरलाई प्रान्तको कोषबाट पुनः निर्माण गरिने जनाइएको छ ।

# नेपाल–भारत पेट्रोलियम पाइपलाइन विस्तार गरिने

चितवन । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन प्रोजेक्टको सफलतापछि सरकारले बाराको अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन जडान तीव्ररुपमा अघि बढाएको छ । सङ्घीय सरकारको प्राथमिकतामा रहेको मोतिहारी-अमलेखगञ्ज पाइप लाइन विस्तार गरी लोथरसम्म पु¥याउने लक्ष्यसहित काम शुरु भएको नेपाल आयल निगम ( एनओसी)ले जनाएको छ । ‘अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनलाई अगाडि बढाउनेबारे अध्ययन भइरहेको छ’, नेपाल-भारत पाइप लाइन ज्वाइन्ट अध्ययन ग्रुप नेपालतर्फका संयोजक वीरेन्द्र गोइतले भने, ‘लोथरसम्म सो पाइप लाइन विस्तार कसरी गर्ने, त्यसमा कति खर्च लाग्नेबारे अध्ययन तथा छलफल भइरहेको छ ।’

मोतिहारीबाट अमलेखगञ्जसम्म सञ्चालनमा रहेका पेट्रोलियम पाइप लाइनमै पाइप जोडेर लोथरसम्म विस्तार गरिनेछ र यसका लागि नेपाल तथा भारत सरकारबीच आपसी समझदारीपश्चात सर्भे सकिएपछि संयुक्त कार्यदलले डिपिआर कार्ययोजना मोडालिटीसम्बन्धी काम गरिरहेको छ । लोथरमा एक लाख किलोलिटर पेट्रोलियम भण्डारण हुने बताइएको छ । यसअघि २०७६ भदौदेखि भारतको मोतिहारीबाट सो पाइप लाइनमार्फत अमलेखगञ्जस्थित निगमको डिपोमा डिजेल ल्याउने गरेकामा अब एक वर्षभित्र सोही पाइप लाइनमार्फत पेट्रोल ल्याउने गृहकार्य शुरु भएको एनओसी प्रदेश-२ प्रादेशिक कार्यालयका प्रमुख भरत रेग्मीले बताए ।

‘निगमको सञ्चालक समितिले मोतिहारीबाट पेट्रोल पनि ल्याउने स्वीकृति दिएपछि सो काम अगाडि बढाउन भारतीय आयल निगम (आइओसी) सँग सो सम्बन्धमा काम अगाडि बढाउन अनुरोध गरिएको छ’, प्रादेशिक प्रबन्धक रेग्मीले भने,’४२-४२ लाख लिटर पेट्रोल भण्डारण गर्ने क्षमताको दुईवटा पेट्रोल ट्याङ्की अमलेखगञ्ज डिपोमा तयार भइरहेको छ ।’

नेपाल सरकारको १२० करोड भारतीय रुपैयाँको लागतमा निर्माण भइरहेको सो पाइप लाइनमा अन्तर्राष्ट्रिय गुणस्तरको पाइप जडान गरिएको छ भने निर्माण भइरहेको पेट्रोल ट्याङ्कमा स्वचालित मेसिनबाट जाँच गर्ने खालको हुनेछ ।

आइओसीले भारतको मोतिहारीमा भर्टिकल ट्याङ्क निर्माण गर्ने काम शुरु गरेको छ । यता अमलेखगञ्जस्थित एनओसीलेको कार्यालयमा पेट्रोल आपूर्ति गर्नका लागि आवश्यक पर्ने पूर्वाधारको काम अगाडि बढाइएको छ । सो कार्यालय हाताभित्र पश्चिमतर्फ रहेको छ बिघा क्षेत्रफलमा रहेको खाली जग्गामा आवश्यक काम हुनेछ भने सो जग्गाको नक्सापास, लागत अनुमान तथा माटो परीक्षणसमेत भइसकेको छ । आयोजना निर्माणको कागजी प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

हाल सो पाइपबाट भारत विहारको राजधानी पटनामा पम्पिङ गरेर अमलेखगञ्ज डिपोमा डिजेल आउने गरेको छ । मोतिहारीमा पेट्रोल ल्याउने काम सम्पन्न भएपछि त्यहीबाट पम्पिङ गरेर पेट्रोल पनि ल्याइनेछ । प्रतिघण्टा तीन लाखदेखि चार लाख लिटरसम्म पेट्रोल आपूर्ति गर्न सकिनेछन् ।

पाइप लाइनबाट पेट्रोल आपूर्ति हुन थालेपछि टयाङ्करबाट गर्ने ढुवानीमा खर्चको बचत हुने, प्राविधिक नोक्सानीको अन्त्य हुने, शुद्धता कायम हुने, चुहावट र मिसावट अन्त्य हुने, प्रदूषण तथा वातावरणमा हुने क्षतिको अन्त्य हुने, भन्सार नाकामा हुने टयाङ्करको चापसमेत अन्त्य हुने तथा पेट्रोलको अभाव पनि अन्त्य हुने विश्वास प्रादेशिक प्रमुख रेग्मीले लिएका छन् ।

भारतको मोतिहारीबाट रक्सौल अमलेखगञ्जसम्म नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइप लाइनबाट अहिले डिजेल आउने गरेको छ ।




## जिल्ला समाचार

### लागूऔषधसहित ६ जना पक्राउ

विराटनगर । मोरङ जिल्लाको विभिन्न स्थानबाट अवैध लागूऔषधसहित ६ जना पक्राउ परेका छन् । रतुवामाई नगरपालिका-३ चौकीघाट बस्ने ७३ वर्षीय प्रेम कुमार श्रेष्ठ र सोही नगरपालिका(५ परेवाखोपी बस्ने ६५ वर्षीय देवी प्रसाद सिलवाललाई करिब ९ सय ५० ग्राम अवैध लागूऔषध सहित आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । विशेष सुराकीको आधारमा ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले श्रेष्ठको घरबाट करिब ५ सय ग्राम अवैध लागूऔषध गाँजा र सिलवालको घरबाट ४ सय ५० ग्राम अवैध लागूऔषध गाँजा सहित फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । यसैगरी, बिराटनगर महानगरपालिका-१० शान्ति चोकबाट करिब ४ ग्राम ५ सय ९० मिलिग्राम अवैध लागूऔषध जस्तो देखिने पदार्थ सहित २ जनालाई आइतबार साँझ लागूऔषध नियन्त्रण व्यूरो शाखा बिराटनगरबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका-६ बस्ने २२ वर्षीय धर्मेन्द्र रजक र भारत अररिया पिपराघाट बस्ने २२ वर्षीय मोहम्द अफरोज रहेका छन् । यसैगरी उर्लाबारी नगरपालिका-६ स्थित ईभन भ्याली होटलबाट करिब १४ ग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित रतुवामाई नगरपालिका-१० बस्ने २७ वर्षीय धजिन्द्र भट्टराई र मिक्लाजुङ्ग गाउँपालिका-३ बस्ने २० वर्षीया कबिता लिम्बलाई आइतबार बेलुका प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### ट्राफिक प्रहरीद्वारा ५ करोड राजश्व संकलन

रौतहट । प्रदेश २ ट्राफिक प्रहरी कार्यालयले ५ महिनामा ५ करोडभन्दा बढी राजश्व संकलन गरेको छ । ट्राफिक नियम विपरित चलेका सवारी साधन लगायत विभिन्न स्रोतबाट हुने राजश्व संकलनमा यो वर्ष वृद्धि भएको हो । ट्राफिक प्रहरी कार्यालय पथलैयाको तथ्यांक अनुसार गत साउनदेखि मंसिर मसान्तसम्म प्रदेश २ मा ५ करोड ५६ लाख २२ हजार पाँचसय रुपैयाँ राजश्व संकलन भएको छ । सो अवधिकामा ट्राफिक नियम विपरित चलेका ८५ हजार नौ सय दुईवटा सवारी साधन कारवाहीको दायरामा आएका छन् । सरकारले यसरी राजस्व संकलन गर्दा यात्रुहरु ट्रफिकलाई छलि यात्रा गर्ने गरेको पाइन्छ । यसबाट झन धेरै दुर्घटना हुने गरेको छ । अधिकांश दुर्घटनामा मानवीय कारणले नै भएको ट्राफिक प्रहरीको तथ्यांकमा उल्लेख छ । प्रहरीप्रमुख एसपी श्यामकुमार महतोका अनुसार बढ्दो सवारी दुर्घटना न्युन गर्ने उद्देश्यले प्रदेशको विभिन्न जिल्लामा चालक, सहचालक, यात्रु र सर्वसाधारणसँग समेत समन्वय हुने गरी सोही अवधिमा एकहजार पाँचसय ६२ वटा जनचेतनामुलक कार्यक्रम भएका छन् ।

### नेउवा लुम्बिनीको अधिवेशन सम्पन्न

रुपन्देही । नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशन सम्पन्न भएको छ । अधिवेशनबाट अध्यक्षमा कृष्णप्रसाद शर्मा निर्वाचित भएका छन् । शनिबार भैरहवामा सम्पन्न महासंघको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनमा महासंघका निवर्तमान केन्द्रीय सदस्य बुटवलका व्यवसायी सुरेन्द्र प्रसाद श्रेष्ठलाई पराजित गर्दै शर्मा विजयी भएका हुन् । यसअघि दुई उपाध्यक्ष, एक कोषाध्यक्षसहित आठ सदस्यीय समिति निर्विरोध भइसकेको हो । दुई उपाध्यक्ष मध्ये जिल्ला नगर उपाध्यक्षमा रोल्पा उद्योग बाणिज्य संघका बालकृष्ण सुवेदी र एशोसियट उपाध्यक्षमा रोहिणी इन्भेष्टमेन्ट प्रालि रोहिणी रुपन्देहीका दिपककुमार पौडेल निर्विरोध निर्वाचित भएका छन् । यस्तै कोषाध्यक्षमा देउखुरी उद्योग बाणिज्य संघका रत्नप्रसाद श्रेष्ठ, कार्यकारिणी सदस्यहरुमा जिल्ला नगरबाट ज्ञानुराम न्यौपाने (प्युठान उवासंघ), टेकबहादुर शाह (बर्दिया उवासंघ राजापुर), भोजेन्द्र प्रकाश ढकाल (रामपुर उवासंघ रामपुर, पाल्पा), भिमबहादुर श्रेष्ठ (पाल्पा उवासंघ तानसेन, पाल्पा), रामसिंह थारु (बासगढी उवासंघ, वर्दिया) तथा दुई एशोसियट सदस्यमा स्वर्गद्वारी मल्टिप्रपोज प्रालि सुनवलका गोपालप्रसाद भट्टराई र गोयन्का स्टिल प्रालि रुपन्देहीका अमितकुमार गोयन्का निर्बिरोध निर्वाचित भएका छन् ।

### हत्या गरी फरार रहेका २ जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-८ बस्ने २८ वर्षीय चेतन मानन्धरको हत्या गरी फरार रहेका २ जना प्रतिवादीलाई सोही उपमहानगरपालिका-१२ सुर्खेत रोडबाट प्रहरीले पक्राउ गरेको छ । सोमबार साँझ पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका-१८ कारकादो बस्ने ३० वर्षीय हरि वली र ३१ वर्षीय विवाद पाठक रहेका छन् । मानन्धरलाई पूर्व रिसीईवी लिई धारिलो हरियार खुडा प्रहार गरीउनीहरु समेतका व्यक्तिहरुले २०७२ आसार २८ गते हत्या गरेको घटनामाउच्च अदालत तुल्सीपुर नेपालगंजको २०७६ फागुन २८ गते फैसलाले जन्म कैद सजाय भई फरार रहेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । नेपालगंज लगायत बाँके जिल्लामा हुने ठेक्का पट्टा, व्यवसायीहरुबाट असुल्ने रकमको विषयमा भएको विवादको कारण मृख्य योजनाकार बाँके साविक नेपालगंज-५ बस्ने योग ढकाल भन्ने रिगल ढकाल समेतले नेपालगंज सुर्खेत रोडस्थित होटल स्वस्तिक होटल नजिक एक्लै रहेको अवस्थामा खुँडा प्रहार गरी मानन्धरको हत्या गरेका थिए । घटनामा संलग्न १५ जनामध्येहालसम्म पक्राउ परेका१२ जना पक्राउ परेका छन् भने फरार ३ जनाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### वीरगञ्जका दुई किशोरको उद्धार

वीरगञ्ज । वीरगञ्जका दुई किशोरलाई भारतको बिहार राज्यको राजधानी पटनाबाट उद्धार गरिएको छ । शनिबार कोचिङ पढ्न भनेर घरबाट निस्किएका ती दुई किशोर एकसाथ बेपत्ता भएका थिए । उनीहरु ६ कक्षाका विद्यार्थी रहेको बताइएको छ । केही भारतीय सञ्चारमाध्यमले ती दुवै किशोर अपहरणकारीको पञ्जामा परेर पटना आइपुगेको समाचार प्रकाशन गरेका छन् । पर्सा प्रहरीले भने अपहरणको पुष्टि हुन नसकेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी ओमप्रकाश खनालले शनिबार दिउँसोबाट हराएका वीरगञ्जका दुई किशोर पटनामा फेला परेको पुष्टि गरे पनि उनीहरु अपहरणकारीको पञ्जामा परेर पटना पुगेका हुन् भन्ने आधार नदेखिएको बताए । पटनाबाट भारतीय प्रहरीले ती किशोर फेला परेको जानकारी आएको र उनीहरुलाई लिन नेपाल प्रहरीको टोली पटना गएको उनले बताए । उनीहरुलाई वीरगञ्जबाट भारतको जक्कनपुर थाना क्षेत्रमा रहेको मिठापुर बस पार्कमा ल्याइसकेपछि अपहरणकारीहरु खाना खान होटलमा गएको र त्यही मौकामा ती दुई किशोर पिकअप भ्यानबाट निस्किएर जक्कनपुर थानामा पुगी घटनाबारे जानकारी गराएको दैनिक जागरणको अनलाइन संस्करणमा उल्लेख छ ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके । नेपालगंज विमानस्थलबाट ४ ग्राम ९ सय ६० मिलिग्राम ब्राउनसुगरजस्तो धुलो सहित मुगु राराछाँयानाथ नगरपालिका-२ बस्ने विराट मल्ल भन्ने २४ वर्षीय पदम मल्ललाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । विमानस्थल प्रवेश गर्ने मानिसहरुलाई जाँच गर्ने क्रममा विमानस्थलभित्र सामान पठाई दिने बहानामा प्रवेश गर्न लागेका मल्लले हातमा समाती राखेको पोलोथिनभित्र उक्त धुलो फेला पारी उनलाई प्रहरीले पक्राउ गरेको हो ।

### मन्त्री महतोद्वारा विग्ही पुल शिलान्यास

महोत्तरी । महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री जुली कुमारी महतोले हाल देशमा तीन तहको सरकार रहेकोले सबै मिलेर विकास निर्माणका काममा जुट्नु पर्ने कुरा बताएकी छन् । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाअन्तर्गत मटिहानीमा रहेको विग्ही पुलको शनिबार शिलान्यास गर्दै मन्त्री महतोले देशलाई विकासको गतिमा वर्तमान सरकार लागिपरेकोले सबैको लक्ष्य विकास नै हुनु पर्नेमा जोड दिइन् । मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलको सभापतित्वमा सम्पन्न कार्यक्रममा भु.पु. सांसद रामदयाल मण्डल, सडक डिभिजन कार्यालय मुजेलिया जनकपुरका प्रमुख संजय मिश्र, मटिहानी नगरपालिका वडा नं. ८ का अध्यक्ष गणेश प्रसाद लगायतका वक्ताहरुले कार्यक्रममा बोलेका थिए । रामजानकी पथअन्तर्गत रहेको मटिहानी जनकपुर सडक जोड्ने विग्ही नदीमा निर्माण हुने सो पुल ५० मी. लामो रहेको छ । पुल ७ करोड ५० लाखको लागतमा निर्माण हुने कुरा सडक डिभिजन कार्यालय मुजेलियाले जनाएको छ ।

## कला/साहित्य

कमल मण्डल



# मैथिली फिल्म ‘बृद्धा पेन्सन’

मैथिली कला क्षेत्रका हास्य सम्राट बि.एन. पटेल आफ्नो दर्शक स्रोताहरुका लागि समय–समयमा समाजमा घटिरहेको विभिन्न घटनाहरुलाई नाटक अथवा भिडियो मार्फत प्रस्तुत गर्दै आइरहेको छ। यसपाली पनि केही अलग किसिमको प्रस्तुतिको साथ आएका छन्। मैथिली समाजमा वर्तमानमा बृद्ध र युवा बिचको सम्बन्धलाई जस्ताको त्यस्तै चित्रण गरेका छन्। यस सिनेमाको कथा, पटकथा, गीत र निर्देशन समेतको जिम्मा बि.एन. पटेल लिएका छन्। मिथिलाञ्चलको चर्चित गायक भागवत मण्डल, ललित कामत र ममता राजको स्वरमा सजेको सुमधुर गीतमा संगीत रोहित




प्रमोदको रहेको छ। यस सिनेमामा कलाकार बि. एन. पटेल, रिना यादव, प्रदिप महतो, ज्योती झा, राजन पटेल, माही खान, बद्री राउत, कौशल्या ठाकुर, दुर्गा देवी, राजु सर्राफ, अजय यादव, सन्तोष लगायतका कलाकारहरुको अभिनय रहेका छन्। छायांकन गजन्द्र गज्जू, ड्रोन कैमरा राजु श्राफ र शिव थारूको रहेका छन् भने नृत्य निर्देशक निरज चौधरीको रहेको छ। त्यस्तै प्रोडक्सन मैनेजर भागचरण यादव रहेका छन्। सिनेमा ‘बृद्धा पेंशन’ केही ठाउँमा च्यारिटीको रुपमा प्रदर्शन भएपनि केही दिनपछि हलमा पनि रिलिज गर्ने कुरा निर्देशक पटेलले जानकारी दिएका छन्।

# अन्तर्राष्ट्रिय संस्थाद्वारा वीणा सिन्हा पुरस्कृत



काठमाडौं। विश्वमा हिन्दीको सबैभन्दा ठूलो संस्था विश्व हिन्दी सचिवालयले मारीससमा ११ जनवरी २०२१ विश्व हिन्दी दिवसको अवसरमा समारोह आयोजना गरेका थियो। त्यस अवसरमा अन्तर्राष्ट्रिय हिन्दी व्यंग्य प्रतियोगिताको परिणाम घोषणा गरिएको थियो। मारीशस विश्व हिन्दी सचिवालयले २०२० मा अन्तर्राष्ट्रिय हिन्दी व्यंग्य प्रतियोगिता आयोजना गरेको थियो। प्रतियोगितालाई ५ भौगोलिक क्षेत्रमा विभाजन गरेको थियो। अफ्रिका वा मध्य पूर्व, अमेरिका, एशिया र आस्ट्रेलिया (भारतका अतिरिक्त), यूरोप तथा भारत। एशिया र आस्ट्रेलिया वर्गमा नेपालकी साहित्यकार द पब्लिकको सम्पादक तथा नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभासद वीणा सिन्हा प्रथम पुरस्कारबाट पुरस्कृत भएकी छन्। यस प्रतियोगितामा पुरस्कार स्वरुप प्रथम पुरस्कार ३०० अमेरिकी डालर राशि र प्रमाणपत्र साहित्यकार वीणा सिन्हालाई प्रदान गरिनेछ।

## आर्थिक समाचार

### प्रभु बैंकद्वारा क्यू आर कोड सेवा सञ्चालन

काठमाडौं। प्रभु बैंकले फोन पेसँगको सहकार्यमा नगद कारोबारलाई क्रमशः विस्थापित गर्दै डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यले काठमाण्डौस्थित कालिमाटी फलफूल तथा तरकारी बजारमा कारोबार गर्दा क्यू आर कोड मार्फत् भुक्तानी गर्न मिल्ने सेवा सञ्चालनमा ल्याएको छ। शुक्रबार कालिमाटी फलफूल तथा तरकारी बजारको प्राङ्गणमा आयोजित एक समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कालिमाटी फलफूल तथा तरकारी बजार समितिलाई क्यू आर कोड हस्तान्तरण गरी सेवा सञ्चालनको उद्घाटन गरेका हुन्। उद्घाटन मन्तव्य राख्ने क्रममा प्रमुख अतिथि एवं नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपालको बैंकिङ्ग क्षेत्रमा सूचना प्रविधिको उच्चतम् प्रयोगबाटसमग्र आर्थिक कारोबारमासरलता र सहजता आएको सन्दर्भ जोड्नु हुँदै प्रभु बैंक र फोन पे को संयुक्त पहलमा फलफूल तथा तरकारी बजारमा हुने आर्थिक कारोबारको लागि नगदै बोक्नु पर्ने झण्झट हटेको बताएका छन्। कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले प्रभु बैंकले सूचना प्रविधिको अधिकतम् प्रयोग गर्दै ग्राहकहरुलाई समय सपेक्ष नविनतम् बैंकिङ्ग सेवा प्रवाहमा कटिबद्ध रहेको बताए।

### नेपाल एसबिआई बैंकको २७औं वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं। नेपाल एसबिआई बैंक लिमिटेडका शेयरधनीहरुको २७औं वार्षिक साधारणसभा त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौंमा सम्पन्न भएको छ। उक्त सभाले बैंकको आ.व. २०७६/७७ को संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७७ को वासलात, आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) पारित गरेको छ। सभाले बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीमा ९.४७ प्रतिशतका दरले लाभांश (६% बोनश शेयर र ३.४७%नगद लाभांश )वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ। साधारणसभाले बैंकको सहायक कम्पनी “नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि.” को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण समेत स्वीकृत गरेको छ। उक्त साधारणसभाले आ.व. २०७७/७८मा बैंकको लेखापरीक्षण गर्नका लागि मेशर्सएस.ए.आर. एसोयिसट्स्, चाटर्ड एकाउण्टेन्ट्स्लाई लेखापरीक्षकमा नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गरेको छ। साथै, उक्त सभाले बैंकको प्रबन्धपत्र तथा नियमावलीका विविध दफा/नियममा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ।

### प्राइम कमर्सियल बैंकको वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं। विभिन्न बैंकर्स, उद्योगी, व्यवसायी, शिक्षाविद एवं व्यवसायिक व्यक्तित्वहरुद्वारा प्रवर्द्धित तथा विभिन्न नविनतम् बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको प्राइम कमर्सियल बैंकले आफ्नो साधारण सभा सम्पन्न गरेको छ। सम्पन्न १२औं वार्षिक साधारण सभाले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत बोनस शेयर वितरण गर्ने गरी १३औं वार्षिक साधारण सभा अनलाइन (भर्चुअल) समेतबाट सम्पन्न गरेको छ। बैकले आगामी दिनहरुमा पनि बैकको सेवा र शाखाहरुको संजाल विस्तार गर्दै लगी आफ्नो शेयरधनीहरुलाई यथोचित र समय सापेक्ष प्रतिफल दिन बैक प्रतिवद्ध रहेको प्रमुख कार्यकारी अधिकृत नारायण दास मानन्धरले जनाएका छन्।

# भारतीय पर्यटकका लागि नाका खोलिदिन आग्रह

पोखरा। कोरोना कहरमा परेको पोखराको पर्यटन क्षेत्रले यो बेला प्रयाप्त आन्तरिक पाहुना नपाएपछि भारतीय पाहुना भित्र्याउने पहल थालेको छ। आन्तरिक पाहुनाको भरमा मात्र पर्यटन क्षेत्र धानिन नसकेकोले विकल्पमा भारतीय पाहुना भित्र्उाउनु आवश्यक परेको व्यवसायीले बताए।

कोरोना संक्रमण बढेसँगै नेपाल-भारत सिमाबाट आउजाउ बन्द हुँदा भारतीय पर्यटक नेपाल आउन नपाएको पोखरेली व्यवसायीको गुनासो छ। भारतीय पाहुना नेपाल घुम्न आउन पाउनेगरि नाका खुलाइदिनुपर्ने माग यहाँका व्यवसायीको छ। स्वास्थ्य निर्देशिका बनाएर भारतीय पाहुनालाई नेपाल घुम्न आउने माहोल मिलाइदिनुपर्ने यहाँका व्यवसायीको माग छ।

व्यवसायीले नेपाल-भारतबीचका मुख्य नाका खुलाएर पर्यटक आउजाउ गर्न पाउने गरि व्यवस्थापनको पहल गरिदिन गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई मंगलबार स्मरणपत्र पनि बुझाएका छन्। पश्चिमाञ्चल होटल संघका अध्यक्ष विकल तुलाचनले आन्तरिक पाहुनाको भरमा मात्र व्यवसाय चलायमान हुन नसकेकोले अब भारतीय पाहुनालाई भित्रिन दिनुपर्ने बताए। ‘भारतीय पाहुनालाई यो बेला भित्रिन दिने हो भने व्यवसाय केही आकारमा चलायमान बन्छ। नत्र आन्तरिकको भरमा मात्र थेग्न सकस भयो,’ उनले भने।

अध्यक्ष तुलाचनका अनुसार नेपाल र भारतबीचका मुख्य सिमा नाका बन्द हुँदा पर्यटक खुलमखुला रुपमा आउन पाएका छैनन्। अघोषित रुपमा भारतीय पाहुना नेपाल भित्रिएका पनि छन्। तर, खुलमखुला रुपमा आउन नपाउँदा अप्ठेरो परेको तुलाचनले बताए। उनका अनुसार यो बेला भारतीय पाहुना नेपाल घुम्न आउन इच्छुक पनि छन्। तर, उनीहरुलाई घुम्न आउने अनुमति दिइएको छैन। कतिपय पाहुना गुपचुप रुपमा आउजाउ गरेपनि सहज रुपमा भित्रिने अवस्था नरहेको उनले बताए।

नेपालमा भारतीय पाहुना भित्रिने मुख्य नाका सुनौली, वीरगञ्ज, काकडभिट्टा, पशुपतिनगर हुन्। ती मध्ये पनि सुनौली र वीरगञ्जबाट पोखरामा बढी भारतीय पाहुना आउँछन्। कोरोनाको असर सुरु हुनुअघि पोखरा आउने भारतीय पाहुनाको संख्या वार्षिक करिब दुईलाख हुने अनुमान थियो। तर, कोरोनाका कारणले योपटक भारतीय आउन पाहुना छैनन्।

# सीमा विवाद र खोपलाई प्राथमिकता दिन विज्ञको सुझाव

काठमाडौं। विज्ञहरूले सीमा विवाद र कोभिड-१९ खोपलाई प्राथमिकता दिन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई सुझाव दिएका छन्। परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको बोर्ड अध्यक्षसमेत रहेका मन्त्री ज्ञवालीले बोर्डमा रहेका विभिन्न क्षेत्रका विज्ञ सदस्यहरूसँग आफ्नो भारत भ्रमणको पूर्वतयारीका क्रममा छलफल गरेका थिए।

छलफलमा त्रिभुवन विश्वविद्यालयकी प्राध्यापक मीना वैद्य मल्ल, पूर्वराजदूत तथा अर्थविद् शंकर शर्मा, परराष्ट्र मामिलाविज्ञ खड्ग केसी, नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणा, राष्ट्रपतिका सल्लाहकार लालबाबु यादव, अवकाशप्राप्त उपरथी तथा सुरक्षा मामिला विज्ञ हिमालय थापा, प्रतिष्ठानका कार्यकारी निर्देशक राजेश श्रेष्ठ र प्रतिष्ठानका उपकार्यकारी निर्देशक रूपक सापकोटाले मन्त्री ज्ञवालीलाई सुझाव दिएका थिए। सबैभन्दा पहिला नेपालले नयाँ नक्सा जारी गरेपछि भारतले नक्सामा समेटिएको भूभाग फिर्ता नगरेको अवस्थामा सीमा विवादलाई प्राथमिकतामा राखेर वार्ता गर्न पनि विज्ञले सुझाव दिए। दुई मुलुकबीच विश्वासको वातावरण बनाउँदै सीमा समस्यालाई कूटनीतिक वार्तामार्फत समाधान गर्नुपर्नेमा उनीहरूले जोड दिए।

परराष्ट्र मामिला विज्ञ केसीले मुलुकभित्र राजनीति ब्रिगेका बेला सीमा विवादलाई प्राथमिकतामा राखेर हुने वार्तामा कुनै कमजोरी नहोस् भन्ने सुझाव दिएको जानकारी दिए। विज्ञहरूले भारतसँग कोभिड-१९ को खोप अनुदानभन्दा पनि किनेरै ल्याउनका लागि सुझाव दिए।

पूर्वराजदूत तथा अर्थविद् शंकर शर्माले खोप पैसा तिरेर नल्याए नेपाल भित्रिन ढिलो हुने बताएका थिए। विज्ञहरूले नेपालमा अहिले आन्तरिक राजनीतिक बिग्रेका बेलामा वार्ता गर्दा नेपालको आत्मविश्वासमा कमी हुन सक्ने सुझाव दिए।

# भारतको पावर एक्सचेन्जमा बिजुली बेच्न अनुमति

काठमाडौं। भारतको इनर्जी एक्सचेन्ज बजारमा २५ मेगावाट विद्युत् बिक्रीका लागि विद्युत् नियमन आयोगले नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ।

इनर्जी एक्सचेन्जमा कम्तीमा पनि २५ मेगावाट विद्युत् उपलब्ध गराउन भारतको पावर ट्रेडिङ कर्पोरेसन अफ इन्डिया लिमिटेड (पीटीसीएन) ले आह्वान गरेको टेन्डरमा भाग लिन प्राधिकरणले आयोगबाट स्वीकृत मागेको थियो। पीटीसीएन भारतमा ऊर्जा व्यापारको प्रबन्ध मिलाउने कम्पनी हो।

आयोग बैठकले गत सोमबार प्राधिकरणलाई नेपालमा विद्युत् बढी भएको अवस्थामा मात्रै भारतमा बिक्री गर्न मिल्ने गरी स्वीकृति दिएको आयोगका सदस्य रामप्रसाद धितालले जानकारी दिए। ‘नेपालमा उत्पादित विद्युत् यहाँ खपत हुन नसकेको र बढी भएको अवस्थामा मात्रै बिक्री गर्न मिल्ने गरी आयोगले स्वीकृति दिएको छ,’ उनले भने, ‘तीन वटा सर्तसहित प्राधिकरणलाई इनर्जी एक्सचेन्जमा विद्युत् बिक्रीको स्वीकृति दिइएको हो।’

# पर्यटन व्यवसाय पुनर्उत्थान गर्न चार देशले संयुक्त छलफल गर्ने

काठमाडौं। कोरोना भाइरस (कोभिड-१९) का कारण थला परेको पर्यटन व्यवसायको पुनर्उत्थानका लागि नेपाल, भारत, श्रीलंका र माल्दिभ्स बिचमा संयुक्त छलफल हुने भएको छ। भारतीय विदेशमन्त्री एस जयशंकरको श्रीलंका भ्रमणको समयमा सो सहमति भएको हो।

श्रीलंकाका राष्ट्रपति गोटाबाय राजापाक्षेले जयशंकरसँगको भेटपछि जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ, ‘भारत, श्रीलंका, नेपाल र माल्दिभ्सको बिचमा पर्यटन व्यवसायलाई पुनर्उत्थानको गर्ने बाटो पहिल्याउनको लागि सकेसम्म छिटो छलफल गर्ने निर्णय भएको छ।’ भारतीय विदेशमन्त्री एस जयशंकर यतिबेला माल्दिभ्सको भ्रमणमा छन्। भारतको संयोजनका चार देशका पर्यटन मन्त्रीहरुको बैठक निकट भविष्यमा नै बस्ने भनिए पनि मिति निश्चित गरिएको छैन।

# भारतबाट थप १५ मेगावाट बिजुली ल्याइने

काठमाडौं। भारतको टनकपुरबाट थप १५ मेगावाट बिजुली ल्याउन भएको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले शुक्रबार टनकपुरबाट थप बिजुली ल्याउन अनुमति दिएसँगै नेपाल विद्युत् प्राधिकरणले यस क्षेत्रबाट थप १५ मेगावाट बिजुली ल्याउन बाटो खुलेको हो।

प्राधिकरणले हाल टनकपुरबाट ७० मेगावाटसम्म बिजुली आयात गरिरहेको छ। अब ८५ मेगावाट ल्याउन मिल्ने प्राधिकरणले जनाएको छ। प्राधिकरणले भारतबाट ६.२२ रुपैयाँ प्रतियुनिटमा बिजुली खरिद गर्ने गरेको छ। टनकपुरबाट आयात हुने बिजुलीलाई काठमाडौं र पूर्वतर्फ आपूर्तिको व्यवस्था मिलाउन सकिने प्राधिकरणले जनाएको छ।

## माघ ५...

राजनीतिक गतिविधि हेर्दा, उनीहरु मधेश आन्दोलनको ‘ब्याज’ खाने बाहेक अरु केही गर्न नसेकको आरोप लाग्दै आएको छ।

मधेशी जनताले चाहेका मुद्दाहरू अझैसम्म पूरा हुन सकेका छैनन्। मधेशमा चाहेजस्तो विकासको अनुभूति हुन सकेको छैन। मधेशी जनताले काठमाडौंका शासकहरूभन्दा पृथक शासक खोजेका थिए, जो उनीहरुका आवश्यकता र दुःखलाई नजिकबाट जानुन् र सम्बोधन गरुन् तर आज सम्म समग्रमा केही पृथक अनुभूति भने हुन सकेको छैन।

यो समयसम्म आइपुग्दा मधेश राजनीतिको विरासत पनि कमजोर हुँदै गइरहेको छ। आज पनि मधेश आफूलाई ’नेपाली हूँ’ भनेर प्रमाणित गरिरहन विवश छ। अझै पनि एउटा अलिक भिन्न रंगको अनुहार भएकै कारण आफ्नै देशको राजधानीमा पटकपटक मधेशका नागरिकहरूले नागरिकता देखाउनु पर्छ। मधेशका किसानहरू वर्षौंदेखि आफूले गरेको कर्मको पैसा उठाउन राजधानीका सडकमा आन्दोलन गर्न विवश छन्। अझै मधेशका जमातहरूको पहुँच सबै निकायसम्म उल्लेखनीय रुपमा हुन सकेको छैन। तर पनि मधेशको मत लिएर संसदसम्म पुगेका मधेशका जनप्रतिनिधि मौन छ। उनीहरु आफ्नै निहित स्वार्थलाई मधेशको मुद्दासँग साटेका छन्। उनीहरु हरेक पटक जनतासम्म पुग्छन र उनीहरूको विश्वास र आशाको भ्याङ बनाएर सत्तामा चढ्छन् र झर्छन्।

विगतमा मधेशी दलसँग पटकपटक सम्झौता भए, उनीहरु आफैं पटकपटक सरकारमा गए पनि तर के का लागि भन्ने ज्वलन्त प्रश्नको उत्तर उनीहरुसँग छैन। आत्मआलोचना सहितको जवाफ मधेशले मधेशी दल र तिनका नेताहरुबाट खोजिरहेको छ।

## ऋण...

घर फर्किनु परेको उनको पनि गुनासो छ।

सोही गाउँका जोगिन्दर रायको समस्या पनि उस्तै छ। उद्योगले पैसा नदिएपछि ठूलो समस्यामा परेको गुनजासो छ उनको पनि। साठी वर्षका रायले यसअघि भाडामा जग्गा लिएर उखु लगाउँथे। उद्योगले पैसा नदिएपछि उनले साहुलाई पैसा दिन सकेनन् त्यसैले खेत खोसियो। ऋणको दायित्वबाट उनी मुक्त भएका छैनन्। उनलाई बरु अब साहुले आफ्नो घरवास नै कहिले उठाउने हो भन्ने डर लागेको छ।

छोरी मुटुको बिरामी छिन। अपांगता भएका उनका एक छोरालाई स्कुलमा भर्ना गर्दाको ऋणसमेत बाबु जोगिन्दरले आजसम्म पनि तिर्न सकेका छैनन्। जम्मा पाँच कट्ठा जग्गामा उब्जेको अन्नले उनको परिवारलाई वर्षदिन खान पुग्दैन। “उखु बेचेको वर्षौं भयो, मिलले पैसा दिने कुरै गर्दैन। यो सङ्कट कसरी टार्नु ? यतिखेर मलाई जस्तो समस्या त अरु कसलाई होला र ?” उनी गुनासो गर्छन्।

त्यस्तै जिल्लाको गोडैता नगरपालिका-१० का नथुनी ठाकुरको कहानी झन् दर्दनाक छ। उनले उखुको कटानी, ढुवानी खर्च तिर्न गाउँकै महाजनसँग ब्याजमा ऋण लिएका थिए। “उखुको पैसा आउला र तिरौंला भन्दाभन्दै दुई वर्ष बित्यो तर पैसा आएन। यता महाजनले ऋण तिर्न ताकेता गर्न थाले,” उनी भन्छन्, “ऋण तिर्ने कुनै उपाय नभएपछि आफैं खेती गरेर खाने पाँच कट्ठा जग्गा नै बेचेर महाजनको ऋण तिरें।” त्यसपछि उनलाई ऋणको झमेला त हट्यो तर साँझबिहान छाक टार्ने मुस्किल छ।

खेती गरेको आफ्नो जमिन खेतै बेच्नुपर्ला भन्ने सपनामा पनि नसोचेका ठाकुरले बताए। नजिकै उद्योग स्थापना हुँदा उखु बेच्न सजिलो हुने भयो भनेर खुशी भएका उनलाई मिलले रुवाएपछि अहिले गाउँमा मिल नखुलेको भए हुने थियो भन्ने लागेको छ।

जिल्लाको महालक्ष्मी र अन्नपूर्ण सुगर मिलले उखु किसानलाई रु ३०-४० हजारदेखि १०-१५ लाखसम्म बक्यौता दिन बाँकी छ। खेतीपातीलाई मुख्य पेसा बनाएका किसानमध्ये ८० प्रतिशतले अरूको खेत ठेक्का/बटैयामा लिने गर्छन्। अधिकांश किसानले खेतमा उत्पादन गरेको अन्नपात बेचेर ठेक्का/बटैया बुझाउँछन्। वर्षौंसम्म आफूले बिक्री गरेको उखुको पैसा नपाएका अधिकांश उखु किसान घरखेत गुमाइरहेका छन्। जग्गा भएकाले जायजेथा बेचेर पैसा तिरिरहेका छन्। त्यो पनि नहुनेहरू ३६ प्रतिशत ब्याजमा ऋण लिएर उखुखेती गर्दाको ऋण भुक्तानी गर्न बाध्य छन्।

उखु उत्पादक किसानहरुको देशभरका छ वटा चिनी मिलबाट रु ९० करोड बक्यौता उठाउन बाँकी रहेको छ। काठमाडौंकेन्द्रित आन्दोलनका लागि किसानको सङ्ख्या थोरै भयो भनेर नहेप्न सङ्घर्ष समितिका अध्यक्ष रामस्वार्थ रायले आग्रह गरे। किसानहरूले गत कात्तिकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई भेटेर बक्यौता रकम उठाइदिन आग्रह गरेका थिए। रकम नउठे आन्दोलनमा उत्रिने जानकारी उनीहरूले त्यतिवेलै दिएका थिए। त्यसपछि २९ कात्तिकसम्म रकम उठाइदिन उनीहरूले मन्त्री भट्टसँग आग्रह पनि गरेका थिए। त्यसको एक महिना बितिसक्दा पनि रकम नपाएपछि निर्णायक आन्दोलनमा उत्रिनुपरेको उखु किसान सङ्घर्ष समिति सर्लाहीका सचिव हरिश्याम रायले बताएका छन्। मुलुकभरमै सबैभन्दा बढी उखु खेती सर्लाहीमा हुन्छ। जिल्लाको अन्नपूर्ण र महालक्ष्मी सुगर मिलमा मात्रै सर्लाहीका किसानको करिब रु ३६ करोड बक्यौता छ।

उखु तराईका किसानको सबैभन्दा आकर्षक नगदेबाली हो तर पछिल्ला वर्षमा चिनी मिलबाट भुक्तानी पाउन मुस्किल हुन थालेपछि किसान अन्य खेतीमा लाग्न बाध्य भएका छन्। सोही कारण गतवर्ष एक करोड ४० लाख क्विन्टल उखु मात्र क्रसिङ भएको राष्ट्रिय उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिए। अघिल्लो वर्ष रु दुई करोड आठ लाख क्विन्टल उखु क्रसिङ भएको उहाँको भनाइ छ। यो तथ्याङ्कको तुलनामा गत वर्ष ६५ लाख क्विन्टल उखु कम उत्पादन भएको देखिन्छ। यसवर्ष उत्पादन झन् कम हुने बताइन्छ। उत्पादन घटेका कारण गतवर्ष करिब एक लाख ६० हजार मेट्रिक टन मात्र चिनी उत्पादन भएको थियो। जब कि स्वदेशी उद्योगीले दुई लाख २० हजार टनसम्म चिनी उत्पादन गर्दै आएका थिए। मुलुकभर करिब दुई लाख ५० हजार टन चिनीको माग छ भने उखुको उत्पादन घट्नु र उद्योगहरुले किसानहरुको भुक्तानी दिन आनाकानी गर्नुले जिल्लाका उखु उत्पादक किसानहरु थप मारमा परेका छन्।




मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : राम ... ज, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes ... il.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं